दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३८ | अंक ११४ | बुटवल | २०८३ बैशाख ११ गते, शुक्रबार | नेपाल संवत ११४६ | Friday April 24, 2026 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

**राम्रो घडेरी बिक्रीमा**

तिलोत्तमा-१ शंकरनगर प्यारामाउण्ट स्कुलको पूर्वपट्टी उत्तरतर्फ २० फिट र पूर्वतर्फ २२ फिटको बाटोमा मोहडा पर्ने एक कठ्ठा जग्गा खरिद गर्न चाहनेले तुरुन्तै सम्पर्क गर्नुहोला।

**सम्पर्क नम्बर: ९८०१८२७९५०**

## डम्पिङ साइटमा रोकसँगै उठेन फोहोर

### नगरवासीलाई व्यागेजमै व्यवस्थापन गर्न नगरपालिकाले अनुरोध गरेको छ।

**मोहम्मद हबिब**

*भैरहवा*



रूपन्देहीको सिद्धार्थनगरको फोहोर फेरि उठ्न सकेको छैन। स्थानीय डण्डा खोला नजिकै फालिँदै आएको फोहोर सर्वोच्च अदालतले नफाल्न अन्तरिम आदेश जारी गरेसँगै नगरका फोहोरहरु नउठेका हुन्।

न्यायाधीशद्वय हरिप्रसाद फुयाल र शान्तिसिंह थापाको इजलासले उक्त क्षेत्रमा डम्पिङ साइट सञ्चालन नगर्न र फोहोर नफाल्न आदेश दिएको हो। सो आदेशपछि नगरपालिकाले तत्कालका लागि फोहोर व्यवस्थापनका उपायहरु खोजिरहेको छ। हाललाई भने नगरपलिकाले सबैलाई फोहोर वर्गीकरण गरी स्वयम् व्यवस्थापन गर्न अनुरोध गरेको छ।

डम्पिङ साइट प्रयोग गर्न नसक्ने अवस्था रहेकाले वैकल्पिक व्यवस्थानका लागि नगरपालिकाको टिम गृहकार्यमा लागेको छ। तत्कालको लागि आफ्नै स्रोतमा फोहोर व्यवस्थापन गर्नुपर्ने अवस्था छ। यस्तै सडकमा फालिएका फोहोरलाई नगरपालिका फोहोरमैला व्यवस्थापन शाखाले तत्कालका लागि गन्ध र प्रदूषण नहोस् भन्नका लागि व्यागेजमा बाधेर यथास्थानमै राखेको छ।

विगत ४ दशकदेखि स्थानीय डण्डा खोला नजिकै फालिँदै आएको फोहोर अव्यवस्थित रुपमा फाल्दा दुर्गन्धित हुँदै गएको दाबी थियो। अनियन्त्रित डम्पिङ साइटबाट फैलिएको दुर्गन्ध र प्रदूषणले जनस्वास्थ्यमा समस्या उत्पन्न भएको भन्दै अधिवक्ता विवेक बख्रेल र कानुनकी विद्यार्थी अञ्जली सिलवालले संघीय सरकार, लुम्बिनी प्रदेश सरकार र रूपन्देहीको सिद्धार्थनगर नगरपालिकासहित मातहतका निकायविरुद्ध सर्वोच्च अदालतमा रिट निवेदन दिएका थिए। रिटमा सिद्धार्थनगर नगरपालिकाअन्तर्गत पर्ने डन्डा खोला क्षेत्रमा सञ्चालित डम्पिङ साइट अनियन्त्रित रहेको र सो क्षेत्रमा तीव्र दुर्गन्ध र प्रदूषण फैलिएको दाबी छ।

बख्रेल र सिलवालले सर्वोच्च अदालतमा रिट दायरमाथि सुनुवाइ गर्दै अदालतले अन्तिम निर्णय नहुँदासम्मका लागि फोहोर फाल्न रोक लगाएको हो।

रिटमा प्रधानमन्त्री कार्यालय, वन तथा वातावरण मन्त्रालय, वातावरण विभाग, गृह मन्त्रालय, लुम्बिनी प्रदेश सरकार र सिद्धार्थनगर नगरपालिकालाई विपक्षी बनाइएको थियो।

इजलासले उक्त स्थानमा कुनै पनि प्रकारको फोहोर नफाल्न र फाल्न नलगाउन आदेश जारी गरेको छ। साथै, सो क्षेत्रमा कुनै पनि खाद्य पदार्थ सञ्चय तथा भण्डारण नगर्न समेत भनिएको छ, नजिकै नुनको गोदाम रहेको छ।

अदालतले यो आदेश कार्यान्वयनका लागि सम्बन्धित निकायहरूलाई आफ्नो सूचना पाटी र वेबसाइटमार्फत् सार्वजनिक सूचना जारी गर्न समेत निर्देशन दिएको छ। निवेदकहरूले फोहोरमैला व्यवस्थापन ऐन २०६८ को दफा ११ २ विपरीत सञ्चालन भइरहेको यो साइटलाई वैकल्पिक स्थानमा सार्न र उक्त क्षेत्रलाई प्रदूषणमुक्त बनाउन परमादेशको माग गरेका थिए।

डण्डा खोला क्षेत्रमा फोहोरमैलाको अव्यवस्थित विसर्जनले स्थानीयको जनस्वास्थ्य र वातावरणमा गम्भीर असर पुऱ्याएको भन्दै बालबालिकाको हक संरक्षण र उपयुक्त नीति निर्माणका लागि स्थानीय सरकारको ध्यानाकर्षण गराइएको छ।

यसअघि चैत १७ गते न्यायाधीश बालकृष्ण ढकालको इजलासले विपक्षीका नाममा कारण देखाऊ आदेश जारी गर्दै दुवै पक्षलाई छलफलका लागि बोलाएको थियो। सोही छलफलपछि सर्वोच्चले यो महत्वपूर्ण अन्तरिम आदेश जारी गरेको हो।

नगरको फोहोर व्यवस्थापन वर्षौंदेखि वडा नं. १ डण्डा नदी किनार झण्डी बजार क्षेत्रमा फोहोर फाल्दै आएकोमा स्थानीयले अवरोध गरेसँगै २०८० वर्ष साउन ४ गतेबाट केही समयको लागि भन्दै सिद्धार्थनगरले बनाएको पर्यटकीय गेट नजिकै नगरको फोहोर डम्पिङ क्षेत्र बन्यो। तर यहाँ भने फोहोर फाल्न लागेको २ वर्ष बढी बित्दा समेत नगरपलिकाले फोहोर व्यवस्थापन अन्यत्र गर्न सकिरहेको थिएन। सोमबार बिहानदेखि यहाँ पनि फोहोर फाल्न रोक लागेको छ।

पटक-पटक हुँदै आएको आन्दोलनका कारण सिद्धार्थनगर नगरपालिकाले फोहोर व्यवस्थापनका लागि अल्पकालिन, मध्यकालिन र दीर्घकालिन समाधानसहितको कार्यक्रम सञ्चालन गर्ने सहमति गरे पनि जग्गा खोजेर फोहरमैलाको व्यवस्थापनको लागि प्रयास गरे पनि स्थानिय राजनीतिक दलले विरोध गरेका कारण सफल नभएको हो।

घरबाट नै फोहोर कम गर्ने, कुहिने फोहोरलाई घरमै व्यवस्थापन गर्न सके केही मात्रामा फोहोर कम गर्न सकिन्छ। यसका लागि नगरपालिको कार्यापालिक बैठकले नगरको दीर्घकालीन फोहोरमैला व्यवस्थापनका लागि निर्णय गरी आगामी चैत १८ गतेदेखि वर्गीकरण नगरिएको फोहोर संकलन नगर्ने घोषणा गरे पनि कार्यान्वयन भएको देखिएन। नगरपालिकाले सूचना नै जारी गरी चैत १७ गतेभित्रै सबै नगरवासी, व्यवसायी तथा संघसंस्थाहरूलाई फोहोर वर्गीकरण गर्ने व्यवस्था मिलाउन भन्दै वर्गीकरण नगरिएको फोहोर नउठाउने निर्णय भएको थियो।

नगरपालिकाले फोहोरलाई मुख्यतया तीन समूहमा विभाजन गर्न निर्देशन दिएको थियो। भान्साबाट निस्कने अवशेष, भात, दाल, तरकारी तथा फलफूलका बोक्रा, पातपतिङ्गर, घाँस, चिया तथा कफीका अवशेषलगायतका कुहिने जैविक फोहोर एक ठाउँमा। यस्तै प्लाष्टिक, पोलिथिन, रबर, कपडा, जुत्ता, ब्याट्री तथा विद्युतीय सामानका अवशेष जस्ता नकुहिने अजैविक फोहोर एक ठाउँमा र सिसा, काँच, धातु र टिनलगायतका सडेर नजाने कवाडजन्य फोहोर एक ठाउँमा वर्गीकरण गर्न अनुरोध गरेको थियो।

सिद्धार्थ उद्योग वाणिज्य संघ तथा होटल व्यवसायी संघले समेत आफ्ना सदस्यहरूलाई आ-आफ्नो फोहोर स्वयं व्यवस्थापन गर्न अपिल गरेका छन्।

यहाँ दैनिकरुपमा ३० टन बढी फोहोर उत्सर्जन हुने गरेको छ। स्थानीय सरकार आएको पहिलैदेखि नै यहाको लागि फोहोरमैला व्यवस्थापन चुनौतीकै रुपमा रहेकोमा अहिले सम्म दीर्घकालिन समाधान हुन सकेको छैन। दैनिकरुपमा सिद्धार्थनगरबाट उत्सर्जन भएको फोहोर नगरपालिकाले करिब सय जना जनशक्ति लगाएर दर्जनबढि ट्र्याक्टर, ठेला र कुचीकारहरुबाट फोहोर संकलन गरी यहाँ व्यवस्थापन गर्दै आएको छ।

फोहोरलाई वर्गीकरण गरी कुहिने फोहोर उचित ठाउँमा व्यवस्थित तरिकाले व्यवस्थापन गरे मलको रुपमा प्रयोग गर्न सकिने, नकुहिने बस्तुलाई पुनःप्रयोगको अवधारणामा लैजान सकिने हुँदा सोही बमोजिम योजनामा नगरपालिका लागेको छ। फोहोर वर्गीकरण गर्दा फोहोरको परिमाण पनि घट्ने अपेक्षा नगरपालिकाको रहेको छ।

सिद्धार्थनगर नगरपालिकाका प्रमुख ईश्तियाक अहमद खानले फोहोर मैलाको दीर्घकालिन समाधानका लागि जिम्मेवारी सम्हालेदेखि नै लागेको बताए। नगरपालिकाले प्रसोधनसहितको फोहोर मैला व्यवस्थापनको अवधारणा बनाएको छ, जस्मा अत्याधुनिक प्रविधि र केही रोजगारी समेत सृजना हुन्छ। नगरपालिकाले दीर्घकालीन समाधानका लागि वैकल्पिक डम्पिङ साइटको खोजी तथा फोहोर प्रशोधन केन्द्र स्थापना गर्ने विषयमा छलफल अघि बढाएको छ।

एसियाली विकास बैंकको ३२ करोड १५ लाख ७४ हजार सहयोगमा प्रशोधन केन्द्र बन्ने निश्चित भए पनि राजनैतिक कारण र स्थानीयलाई बुझाउन नसक्दा फोहोरमैला प्रसोधन केन्द्र बन्न नसकेको हो। सिद्धार्थनगरको महत्वपूर्ण र अतिआवश्यक मध्येको फोहोर व्यवस्थापनको कामकै लागि ओमसतियाको पट्खौलीमा ६ बिगाह जग्गा खरिद भएको थियो।

प्रशोधन केन्द्रमा कम्पोष्ट प्लान्ट, लिचेड ट्रिटमेन्ट प्लान्ट, पुन प्रयोग हुने र नहुने फोहोर छुट्टाउने प्लान्टलगायत यन्त्र जडान गरी नेपलमै नमूना प्रशोधन केन्द्र बनाउने योजना नगरपलिकाले पारेको भएपनि सो रकम त्यस बेला फिर्ता गएको हो।

## उद्योगी गोल्छा पक्राउ




बुटवल। नेपाल उद्योग वाणिज्य महासंघका पूर्वअध्यक्ष तथा उद्योगी शेखर गोल्छालाई प्रहरीले पक्राउ गरेको छ।

नेपाल धितोपत्र बोर्डको छानबिन प्रतिवेदनका आधारमा अनुसन्धानका लागि गोल्छालाई नियन्त्रणमा लिएको नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी) का प्रमुख एआइजी डा. मनोज केसीले बताए।

धितोपत्र बोर्डको प्रारम्भिक जाँचबुझ प्रतिवेदन समेतका आधारमा गोल्छा समेतको मिलेमतोमा धितोपत्रसम्बन्धी ऐन २०६३ को दफा ९४, ९५, ९६ को उपदफा (१) र दफा ९८ बमोजिम कसुरमा उनलाई पक्राउ गरिएको सीआईबीले जनाएको छ।

विभिन्न बिमा कम्पनीको फन्ड विभिन्न कम्पनीको सेयरमा चलखेल गर्न प्रयोग हुने गरेको प्रतिवेदन धितोपत्र बोर्डले तयार पारेको थियो।

विवादित व्यवसायी दीपक भट्टले व्यक्ति तथा निजी कम्पनीहरूबाट सस्तोमा सेयर खरिद गर्ने र तिनको मूल्य बढाएर विभिन्न बीमा कम्पनीलाई बिक्री गर्ने गरेको देखिएको बोर्डको प्रतिवेदनमा उल्लेख छ।

सोही अनुसन्धानले यस्तो गडबडीका प्रमुख पात्रका रूपमा भट्ट र भृकुटी स्टक ब्रोकिङ कम्पनीका प्रमुख कार्यकारी अधिकृत सन्दीप चाचान रहेको उल्लेख गरेको छ। उनीहरुले धितोपत्रसम्बन्धी ऐन २०६३ को दफा ९६ र ९८ अनुसार धितोपत्र बजार प्रभावित पार्ने तथा जालसाजीयुक्त कारोबारसम्बन्धी कसुर गरेको बोर्डको निष्कर्ष छ। भट्टलाई यसअघि नै सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागले पक्राउ गरी हिरासतमा राखेको छ। चाचान भने पक्राउ परेका छैनन्।

» बाँकी ३ पेजमा

## सरकारले स्थगित गरायो संघीय संसद अधिवेशन

बुटवल। सरकारले संसद् अधिवेशन स्थगन गर्न भन्दै राष्ट्रपति कार्यालयमा अर्को सिफारिस गरेको छ।

बिहीबारको मन्त्रिपरिषद्को बैठकको निर्णयअनुसारको पत्र केहीबेर अघि शीतलनिवास पुगेको हो।

राष्ट्रपति रामचन्द्र पौडेलले सरकारको सिफारिसअनुसार नै संसद् अधिवेशन स्थगनको निर्णय भएको राष्ट्रपति कार्यालय स्रोतले बतायो।

'सिफारिस पत्रमा जे आएको थियो, त्यही बमोजिम निर्णय भएको छ।'- स्रोतले भन्यो। यससअघि बसेको मन्त्रिपरिषद् बैठकको सिफारिसमा बैशाख १७ गते बिहीबार दिउँसो २ बजेका लागि राष्ट्रपति पौडेलले दुवै सदनको अधिवेशन आह्वान गरेका थिए।

## महान्यायाधिवक्ता कंडेलबारे कारण देखाउ आदेश जारी

बुटवल। सर्वोच्च अदालतले महान्यायाधिवक्ता डा. नारायणदत्त कँडेललाई पदमुक्त नगर्नुपर्ने कुनै कारण भए पेस गर्न सरकारका नाममा आदेश जारी गरेको छ।

योग्यता नपुगेको व्यक्तिलाई महान्यायाधिवक्ता नियुक्त गरिएको दाबी सहित दायर भएको रिट निवेदनको प्रारम्भिक सुनुवाइपछि सर्वोच्च अदालतले कारण देखाउ आदेश जारी गरेको सर्वोच्चका प्रवक्ता अर्जुन कोइरालाले जानकारी दिए।

न्यायाधीश कुमार रेग्मीको इजलासले महान्यायाधिवक्ता कँडेललाई कुनै कामकाज गर्न नदिनु भन्ने दाबीसहितको अन्तरिम आदेशको मागबारे छलफल गर्न आगामी बिहीबार सरकारी पक्षलाई पनि झिकाएको छ।

अधिवक्ता माधव बस्नेत, अधिवक्ता शिवराज बरालसहित आठ जना तथा अधिवक्ता दिपकराज जोशीसहित पाँच जनाले सर्वोच्च अदालतमा छुट्टाछुट्टै रिट निवेदन दिएका थिए।

उनीहरूले पेस गरेको रिट निवेदन सुरुमा सर्वोच्च अदालत प्रशासनले दर्ता गर्न अस्वीकार (दरपीठ) गरेको थियो। पछि एकल इजलासकै आदेशबाट दरपीठ आदेश बदर भई रिट निवेदनहरू दर्ता भएका हुन्। सर्वोच्च अदालतको न्यायाधीश सरहको पद मानिने महान्यायाधिवक्ताका लागि निरन्तर १५ वर्ष वकालत गरेको हुनुपर्छ।

महान्यायाधिवक्ता डा. नारायणदत्त कँडेल लामो समय बेलायत बसेर व्यवसाय गरेको र उनको निरन्तर १५ वर्ष वकालतको अनुभव नपुग्ने भन्दै रिट निवेदनहरूमा उनलाई पदमुक्त गर्न माग राखिएको छ।

## सुकुम्बासी बस्तीमा बल प्रयोग गरे प्रतिवाद गर्ने संयुक्त राष्ट्रिय सुकुम्बासी मोर्चाको चेतावनी

बुटवल। संयुक्त राष्ट्रिय सुकुम्बासी मोर्चाले बल प्रयोग गरेर सरकारले बस्ती उठाउन खोजे प्रतिवाद गर्ने बताएको छ।

बिहीबार दिउँसो शंखमुलस्थित एक कार्यालयमा बसेको मोर्चाको बैठकमा यसबारे छलफल भएको हो। मोर्चाका उपाध्यक्ष पवन गुरुङका अनुसार, सञ्चारमाध्यममा बस्ती हटाउने सरकारको तयारीबारे समाचार आएपछि बिहीबार दिउँसो बैठक बसेको थियो।

'बैठकमा सुरुमा त सरकारको निर्णय आधिकारिक हो या होइन भन्ने विषय उठ्यो,' गुरुङले भने-'यदि हो रहेछ र बल प्रयोग गरेर उठाउने काम गरे हामी प्रतिरक्षाको लागि जे पनि गर्न तयार छौं। जसरी पनि प्रतिरोध गर्छौं। यसबारे हाम्रो बैठकमा छलफल भयो।'

प्रधानमन्त्री शाहले सुरक्षा निकायका प्रमुखहरूसँग छलफल गर्दै आउँदो शनिबार र आइतबार सुकुम्बासी बस्ती खाली गराउन निर्देशन दिएका छन्।

## जलवायु सम्मेलनमा के भयो ?



दाङ। जलवायु परिवर्तनको बढ्दो जोखिमलाई न्यूनीकरण गर्न र अनुकूलनका योजनाहरूलाई समुदाय स्तरसम्म पुऱ्याउन दाङमा सातौं राष्ट्रिय सम्मेलन सम्पन्न भएको छ।

जलवायु सुशासनका लागि समन्वयात्मक नीति र अभ्यास : स्थानीयकरण, वित्त र न्याय मूल नाराका साथ दाङको लमहीमा बिहीबार क्लाइमेट डेभलपमेन्ट डायलग लगायत विभिन्न १२ वटा सामाजिक संघ संस्थाको सहकार्यमा सम्मेलन भएको हो। सम्मेलनमा नीति निर्माता, जनप्रतिनिधि र विज्ञहरूले जलवायु न्याय र सुशासनका विविध पक्षमा छलफल गरेका छन्।

सम्मेलनको उद्घाटन गर्दै लुम्बिनी प्रदेशका वन तथा वातावरण मन्त्री देवकरणप्रसाद कलवारले जलवायुको असर न्यूनीकरण गर्न समुदायस्तरमा अनुकूलनका योजनाहरूलाई विस्तार गर्नुपर्नेमा जोड दिए। उनले अभियानको रूपमा वृक्षारोपण र जलाशय निर्माणको कामलाई प्राथमिकतामा राख्नुपर्ने बताउँदै जलवायु सन्तुलन कायम राख्नु आजको मुख्य आवश्यकता भएको उल्लेख गरे।

प्रदेश योजना आयोगका उपाध्यक्ष डा. डिल्लीराज अर्यालले जलवायु परिवर्तन बहुआयामिक विषय भएको बताउँदै नेपाल शून्य कार्बन उत्सर्जन गर्ने देश भए पनि यसका असरहरू भोगिरहनु परेको प्रति चिन्ता व्यक्त गरे।

'हाम्रा नीति र रणनीतिहरूले धेरै विषय सम्बोधन गरेका छन्, अब तीन तहका सरकारले प्राथमिकताका आधारमा ठोस योजना बनाएर कार्यान्वयन गर्न जरुरी छ।'- उनले भने।

सम्मेलनमा प्रकृति रिसोर्सेज सेन्टरका सन्तकुमार महर्जनले जलवायु वित्त घट्दो क्रममा रहेको र वास्तविक प्रभावित स्थानीय बासिन्दासम्म बजेट पुग्न नसकेको यथार्थ औंल्याए। उनले राष्ट्रिय अनुकूलन योजना र स्थानीय अनुकूलन योजना बने पनि कार्यान्वयनको तह कमजोर रहेको बताए।

त्यसैगरी, तुलसीपुर उप-महानगरपालिकाकी उप-प्रमुख स्यानी चौधरीले पारिस्थितिकीय प्रणालीमा आएको ह्रासप्रति चिन्ता व्यक्त गरिन्। 'नदीमा पानी छैन, खोला सुके, वनजङ्गल र चराचुरुङ्गी नासिन थाले, अब नीतिको सुधारसँगै मान्छेको आनीबानीमा पनि सुधार ल्याउन नल्याए पर्यावरणीय संकट आउँछ।'- उनले भनिन्।

» बाँकी ३ पेजमा

**जिल्ला आर्थिक गणना कार्यालय, नवलपरासी पश्चिमको अनुरोध**

यही मिति २०८३ साल वैशाख २ गतेदेखि असार ७ गतेसम्म **सञ्चालन हुने राष्ट्रिय आर्थिक गणना, २०८२ का लागि सुपरिवेक्षक तथा गणक जिल्लाका सबै** साना तथा ठूला उद्योग, कलकारखाना, व्यापारिक प्रतिष्ठान, होटल तथा रेष्टुरेन्ट, निर्माण कम्पनी, बैंक, वित्तीय संस्था, सहकारी, यातायात सेवा प्रदायक, सामाजिक संघ-संस्था, क्लब, राजनीतिक दल, उपभोक्ता समिति, शैक्षिक एवं स्वास्थ्य संस्था र दर्ता भएका कृषि व्यवसाय लगायतका सबै प्रतिष्ठानहरुमा खटिएर स्थलगत तथ्याङ्क सङ्कलन कार्य हुँदैछ।

'**अर्थतन्त्र मापनका लागि आर्थिक गणना**' भन्ने मूल नारालाई आत्मसात् गर्दै, आ-आफ्ना प्रतिष्ठान/व्यवसायका क्रियाकलाप सम्बन्धी सत्य-तथ्य र पूर्ण विवरण उपलब्ध गराई यो राष्ट्रिय अभियान सफल पार्न हार्दिक अनुरोध गर्दछौं। संकलित सबै विवरणहरु तथ्याङ्क ऐन, २०७९ बमोजिम पूर्ण रूपमा गोप्य राखिने व्यहोरा समेत जानकारी गराइन्छ।

**कोही नछुटौ राष्ट्रिय आर्थिक गणना, २०८२ सफल पारौं।**

**टोल फ्री नं. : ११७८**

**नेपाल सरकार**

**प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय राष्ट्रिय तथ्याङ्क कार्यालय**

**राष्ट्रिय आर्थिक गणना, २०८२**

**जिल्ला आर्थिक गणना कार्यालय**

**नवलपरासी, पश्चिम**

दैनिक लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

## सम्पादकीय

# छानबिन समितिले गर्नुपर्ने काम

बुटवलमा गर्भपतन गराउने क्रममा महिलाको मृत्यु भएको विषयमा छानबिन गर्न नेपाल मेडिकल काउन्सिलले समिति गठन गरेको छ। काउन्सिलको सदस्य स्त्रीरोग तथा प्रसूति विशेषज्ञ प्रा.डा. पदमराज पन्तको संयोजकत्वको समितिमा कानुन व्यवसायी र पत्रकार समेत छन्।

पाल्पा बगनासकालीकी २९ वर्षीय गीता पाण्डेको बैशाख ८ गते इन्दु लेखा क्लिनिकमा मृत्यु भएको थियो। प्रहरीले पीडित परिवारले दबाब दिएपछि दुई डाक्टरसहितलाई पाँचलाई नियन्त्रणमा लिएर अनुसन्धान अघि बढाएको छ।

गर्भपतन गर्नुपर्ने कारण के थियो ? र, मृत्युको कारण के हो ? यी प्रश्नको उत्तर पाउनुपर्छ। अहिलेसम्म डाक्टरहरुले भनेअनुसार गर्भ असामान्य भएको बताएका छन्। उपचारको लागि पहिले गीता खत्री नर्सिङ होममा पुगिन्, त्यहाँका डा. डीबी खत्रीले अस्पताललाइनको जोनल फार्मेसी क्लिनिकमा पठाए। जोनलले इन्दु लेखा क्लिनिकमा पुऱ्यायो। तीन क्लिनिक धाउँदा धाउँदै उनले ज्यान गुमाइन्। गर्भवती महिलाको नियमित चेकजाँच गर्नुपर्छ। सुविधासम्पन्न सरकारी अस्पताल हुँदाहुँदै निजी क्लिनिक धाउने काम गरेर गीताको परिवारले गल्ती गऱ्यो। बुटवलमा लुम्बिनी प्रादेशिक अस्पताल छ, जो गर्भवती महिलाको लागि राम्रो उपचार हुने अस्पताल हो। गर्भवती महिलाको चेकजाँच सुविधा सम्पन्न अस्पतालमा गराउनुपर्छ भन्ने बारेमा गीता स्वंय पनि जानकार हुनुपर्ने हो, किन कि आफैं रक्त सञ्चार सेवा केन्द्रमा कार्यरत रहेकाले स्वास्थ्यकर्मीसँग छलफल र सल्लाहमा सहज पहुँच हुनुपर्ने हो। गीताका पति प्रकाश निजामति कर्मचारी भएकाले उनले किन निजी क्लिनिक धाए ? गर्भपतन गराउने डा. सतिश रूपाखेती विशेषज्ञ डाक्टर भए पनि इन्दुलेखा क्लिनिकले गर्भपतन गराउने अनुपति पाएको थियो कि थिएन ? यो विषय पनि छानबिनको विषय हो।

निजी क्लिनिकमा बिरामीको उपचारभन्दा व्यापार बढी हुने आरोप लाग्दै आएको छ। बिरामीको अनावश्यक जाँच गर्ने, औषधी आवश्यकभन्दा बढी दिने गरेको जस्ता गुनासा आइरहेका छन्। अझ विभिन्न सुविधा भनिए पनि ती उपलब्ध नहुने विशेषज्ञ डाक्टरको नाम लेख्ने, तर उपचार गर्दा अर्कै डाक्टरले गर्ने प्रवृत्ति मौलाएको छ। यस्तो प्रवृत्ति मौलाउनु नागरिकको स्वास्थ्यप्रतिको खेलवाड हो। त्यो खेलवाड क्लिनिकले गरे। र, त्यो खेलवाड गर्ने वातावरण राज्य संयन्त्रले बनाइदियो। कमजोरी गर्ने क्लिनिक, स्वास्थ्यकर्मी र डाक्टरलाई कानुनअनुसार कारबाही हुने विधि स्थापित गर्ने हो भने उपचार गर्न गएका बिरामीप्रति खेलवाड हुने थिएन्।

गीताको मृत्यु स्वभाविक हो कि अस्वभाविक हो, छानबिन समितिले सत्य तथ्य बाहिर ल्याउनु पर्छ। छानबिन समितिले यो घटनाको अनुसन्धानसहित आगामी दिनमा स्वास्थ्य संस्थाहरुमा हुने लापरबाही नियन्त्रणको लागि मार्गनिर्देश गर्न सक्नुपर्छ।

# जान्नेलाई छान्ने नारा पछाडिको दृश्य



विनबहादुर कुँवर

*जबसम्म यो राज्यसत्ताको मूल आधार चरित्र स्वरुप आमूल रुपमा परिवर्तन हुँदैन तबसम्म यस्ता घटनाक्रम सत्ता अदल बदल भई नै रहन्छ। काला गए गोरा आउँछ। तर सत्ताको चरित्र बदलिँदैन। आजको मुख्य कुरा त पहिलो सत्ताकै आमूल परिवर्तनको कुरा हो। नत्र भने हिजो यो देशमा राणाहरुले १०७ वर्ष यस्तै रजाई गरे त्यस्तै पञ्चेहरुले २९ वर्ष, बहुदलवादी कांग्रेस-एमाले १७ वर्ष अनि माओवादी, कांग्रेस, एमालेले १८ यस्तै रजाई गरे अब यस्तै रजाई गर्ने पालो रास्वपा रवि, बालेनहरुको छ।*

जान्नेलाई छान्ने, नो ओन्स अगेन भ्रष्टाचारको निर्मूलता, शान्ति, सुरक्षा र सुशासन र पारदर्शिताको नारा अघि सारी जन्माइएको पार्टी 'रास्वपा' अनि काठमाडौं महानगरपालिका पूर्व मेयर बालेन्द्र शाहको एकतापछि यो दल अहिले सत्तासीन भएको छ। हालै सम्पन्न आम निर्वाचनको परिणामले यो दलको सामान्य बहुमत मात्रै होइन करिब दुई तिहाई बहुमत भई सत्तासीन बनेको हो। अहिले यो दलका वरिष्ठ नेता बालेन्द्र शाह राष्ट्रको प्रधानमन्त्री बनेका छन्। छोटो र छरितो मन्त्रिमण्डल, जान्ने र छानिएकाहरुको यो मन्त्रिमण्डल, तर 'जति पाइला अघि बढ्दै छ त्यति पाइला मेटिँदैछ' भन्ने उखान चरितार्थ उनीहरुको अर्थात् रास्वपाको जान्नेलाई छान्ने भन्ने नारा यो खाली देखावटी सस्तो लोकप्रियतामा अर्थ 'स्टनबाजी' मात्र भएको पुष्टि हुँदैछ।

बालेन शाहको मन्त्रिमण्डल गठन भएकै हप्ता दिन नपुग्दै श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रीलाई पार्टीले 'रिकल' अर्थात् सरकारबाट फिर्ता बोलायो। परिवारवादलाई अनुशरण गरेको अर्थात् आफ्नै श्रीमतीलाई विना सोधपुछ सरकारी लाभको पदमा नियुक्ति गरेको आरोपमा फिर्ता बोलाइएको थियो। त्यस्तै त्यसमा जोडिएका अर्का स्वास्थ्य तथा जनसंख्या मन्त्री निसा मेहता समेतलाई सचेत गराइएको थियो। उक्त दल र बालेन सरकारको लागि यो पहिलो गाँसमै ढुंगा भन्ने जस्तो भएको थियो। तै पनि सबैले त्यसको स्वागत नै गरे। रवि र बालेनको तारिफ धेरैले गरे। तर अहिले फेरि अर्का मन्त्री त्यसमा पनि गृहमन्त्री अझ गत भाद्रको २३-२४ भएको जेनजी विद्रोहका अगुवा नै भएको दाबी गर्ने यतिसम्मकि पूर्व प्रधानमन्त्री सुशीला कार्कीले त आफ्नै छोरा भनी सम्बोधन गर्ने गरेकी त्यस्तै रवि र बालेन अनि कुलमानलाई एउटै पार्टीमा मिलाउन ठूलो भूमिका निर्वाह गरेका गृहमन्त्री सुदन गुरुङकै पनि त्यस्तै केही भ्रष्टाचारजन्य घटनाहरु बाहिरिएका छन्। ठूलो सरकारी रकम अपचलन गर्दै आएका विचौलिया दलाल दीपक भट्टसँगको उनको हिमचिम। हिमचिम मात्रै होइन ठूलठूला आर्थिक कारोबार र लेनदेन भएको सार्वजनिक भएको छ। त्यस्तो कुनै एक कम्पनीमा उनको पनि ठूलै सेयर रहेको जानकारी आएको छ। हालै प्रकाशित सरकारी मन्त्रीहरुको सम्पत्ति जानकारीमा पनि उनको थुप्रै अथाहा धन सम्पत्ति, गहना भएको छ। त्यति ठूलो त्यो सम्पत्तिको आयस्रोत के हो ? चारैतिर चर्चा परिचर्चा भइरहेको बेलामा फेरि एकाएक उक्त लाखौं रुपैयाँको सेयर सम्पत्ति त्यसमा पनि त्यस्ता विचौलिया दलाल व्यवसायीसँगको एउटै कम्पनीमा भएको शेयर संलग्नता र त्यसलाई मन्त्रीहरुको सम्पत्ति सार्वजनिकमा समावेश नगरिदा त्यसमा शंका गर्ने ठाउँ प्रशस्त छ। त्यसमा उनको चौतर्फी विरोध भइरहेको छ। मन्त्रीबाट राजीनामा दिई त्यसको छानबिनको लागि मार्ग प्रशस्त गर्नुपर्ने चौतर्फी माग भइरहेको छ। आखिर यो घटनाले रास्वपाको जान्नेलाई छान्ने पुरानालाई होइन नयाँलाई भन्ने यो नारा पनि जनताका लागि 'हात्ती आयो हात्ती आयो फुस्सा' भने जस्तै भएको छ।

हिजो यस्तै सम्बन्ध र व्यवहार गर्दै आएका कांग्रेसी-एमाले र माओवादी नेताहरुबाट वाक्क र दिक्क भइबसेका जनताहरुलाई यसले निराश पारेको छ। जो आए पनि त्यस्तै ठग, भ्रष्टाचारी र व्यविचारी, दलाल मात्रै। चप्पल पड्काउँदै शहर पसेका पहिलेका नेताहरु अहिले खरबपति, महँगा घर जग्गा, यातायात साधन अनि भड्किलो र चम्किलो लवाई खुवाई, सबका सब छोराछोरी नातिनातिना विदेशको बसाई र पढाइ। यस्तो राजनीति देखि र भोगी आएका नेपाली जनता त्यसमा पनि युवा पिंढी सबै घण्टी पार्टीमा आबद्ध भई रवि-बालेन हाई हाई, कांग्रेस-एमाले, माओवादी सबै बाई बाई बनाई छाडे। तर यो धेरै दिन टिकेन। सत्तासिन भएकै दिनदेखि फेरि त्यस्तै घटना व्यवहार देख्नुपर्ने यो यस्तो विडम्बना ? बाँच्नका लागि तावाबाट फड्केको माछा भुंग्रामा। जुन कुरा पटकपटक हामीले संकेत गर्दै आएका थियौं।

यो कुनै अस्वाभाविक व्यवहार होइन। स्वाभाविक नै छ। जस्तो जमिन छ त्यस्तै विरुवा उम्रन्छ, जस्तो बिउ छ त्यस्तै फल फल्छ अर्थात् जस्तो राज्य सत्ता र व्यवस्थाको आधार र चरित्र छ त्यस्तै समाज त्यस्तै व्यक्ति विशेष हुनु वैज्ञानिक नियम नै हो। वर्तमान राज्य सत्ताको आधार, चरित्र र स्वाभाव त्यही पुरानै सामन्ती, दलाल र नोकरशाही बुर्जुवा प्रकारकै छ। व्यक्ति विशेष केही दल विशेषको अदल बदलले यसमा कुनै खास परिवर्तन पार्दैन। हिजो पनि पञ्चको ठाउँमा कांग्रेस अनि कांग्रेसको ठाउँमा एमाले त्यस्तै एमालेको ठाउँमा माओवादी आए पनि खासै फरक परेन। सुरुसुरुमा केही नयाँपन जस्तो देखिए पनि ढिलो चाँडो अन्ततः सबै एउटै काले काले मिलेर खाउँ भाले नै देखिएको हो। ठीक यो अब रास्वपा घण्टी पार्टीमा पनि देखिन थालेको छ। यो अहिले मात्रै होइन, घण्टी पार्टीको उदयका दिनदेखि नै देखिन थालेको हो। पहिलो चुनावी विषयका दिनमा नै रास्वपाका तत्कालीन समानुपातिक सांसद ढाकाराम श्रेष्ठको मेडिकल व्यवसायी दुर्गा प्रसाईंसँग भएको आर्थिक लेनदेनको प्रकरण अनि पछि स्वयं रवि लामिछानेको सहकारी रकम ठगीले यो प्रष्ट भइसकेको थियो कि रास्वपा पनि ढिलो चाडो कांग्रेस-एमाले र माओवादी नै पथमा अग्रसर हुनेछ र भयो पनि।

रास्वपामा बालेन समूहको प्रवेशपछि भने जनतामा फेरि अर्को भ्रम सिर्जना भयो अब त केही हुन्छ र गर्छन्। बालेनजस्ता नव युवाको राज्य सत्तामा प्रवेश। विदेशमा पढेका डा. पिएचडी गरेका आदि जस्ता नेताहरुको सरकार बनेपछि अब त निश्चित केही हुन्छ भन्ने लागेको थियो नेपाली जनतालाई। यो माथि उल्लेखित तिन मन्त्रीहरुको यस्ता घटनाहरुले सबैलाई निराश पारेको छ। वर्तमान यो सरकारका सबै मन्त्रीहरुकै स्थिति यस्तै देखिदैछ। स्वयं प्रधानमन्त्री बालेनकै अवस्था के हो ? शंकाको घेरामा छ। सयौं १९० तोला सुन र करोडौं रुपैयाँको कारोबारको आय स्रोत के हो ? श्रीमतीसँगको उक्त सुनको स्रोत माइती दिएको पेवा भनिएको छ। के त्यति ठूलो पैमानाको सुन छोरीलाई दाइजो दिन सक्ने हैसियत माइती बुबाआमाको छ ? त्यस्तै हरेक मन्त्रीहरुको सम्पत्ति विवरण त्यस्तै अस्वाभाविक संदिग्द प्रकारकै छ। त्यसैले वर्तमान यो सरकारले सम्पत्ति शुद्धीकरणको लागि एउटा छुट्टै आयोग बनाउने भनेको छ। यदि यो भयो भने सबभन्दा पहिले बालेनको सम्पत्तिको छानबिन हुनुपर्दछ, त्यसपछि क्रमशः मन्त्री अनि रास्वपाका सब नेताहरुको साथै क्रमशः कांग्रेस, एमाले र माओवादी सबका सबको छानविन हुनुपर्दछ। तर यसमा कति निष्पक्षता होला ? सरकारी आयोग 'आफैं बोक्सो आफैं धामी' भने जस्तै हुन सक्छ।

यस्ता धेरै आयोगहरु यहाँ बने र बनाइए। ती सबै पहिलो कुरा त छानबिन नै भएन या छानबिन भए पनि त्यसको प्रतिवेदन सरकारी कुनै कुनामा थन्काइए। लागू भएनन्। हुने कुरा पनि भएन। सबै चोरै चोर। आखिर सबै तैचुप मै चुप। यसमा गृहमन्त्री सदन गुरुङकै कुरा गरौं। स्वयं गृहमन्त्रीकै सक्रियता र पहलकदमीका नामी चर्चित बिचौलिया र भ्रष्टाचारी दीपक भट्ट र अर्का उद्योगपति तथा व्यापारीको छानबिन र कारबाहीको लागि गिरफ्तार गरिएको छ। फेरि यिनै दीपक भट्टको सहयोगी पाटनर गृहमन्त्री सुदन गुरुङ भएपछि अब हुन्छ कसरी यसको निष्पक्ष छानबिन र कारबाही ? आखिर हुन्छ 'त रोए झैं गर मैले कुटे झैं गर्छु।' सुदनले गिरफ्तार गरी कारबाही गरे जस्तो गर्ने सब खास खास प्रमाण लुकाउने अनि केही नमिल्दा प्रमाणका आधारमा अदालत जाँदा अदालतले त्यसको के फैसला गर्ने ? स्वतः उनीहरुको जित हुन्छ। यो त केवल छोरी कुटी बुहारी तर्साउने अर्थात् यस्ता विचौलिया दलालहरु समाती कांग्रेस- एमाले र माओवादीका नेता-कार्यकर्ताहरुलाई तर्साउने र आफ्नो एकलौटी रजाई गर्ने चालबाजी मात्रै हो। अब आम जनताले बुझ्न पर्ने कुरा नै यही हो।

जबसम्म यो राज्यसत्ताको मूल आधार चरित्र स्वरुप आमूल रुपमा परिवर्तन हुँदैन तबसम्म यस्ता घटनाक्रम सत्ता अदल बदल भई नै रहन्छ। काला गए गोरा आउँछ। तर सत्ताको चरित्र बदलिंदैन। आजको मुख्य कुरा त पहिलो सत्ताकै आमूल परिवर्तनको कुरा हो। नत्र भने हिजो यो देशमा राणाहरुले १०७ वर्ष यस्तै रजाई गरे त्यस्तै पञ्चेहरुले २९ वर्ष, बहुदलवादी कांग्रेस-एमाले १७ वर्ष अनि माओवादी, कांग्रेस, एमालेले १८ यस्तै रजाई गरे अब यस्तै रजाई गर्ने पालो रास्वपा रवि, बालेनहरुको छ। तर विश्वमा क्षणक्षणमा ठूलाठूलो परिवर्तन भइरहेको छ। त्यसको प्रभाव विश्वका हरेक देशमा जस्तै नेपालमा पनि भइरहेको छ। हरेक क्षण क्षणमा नयाँ नयाँ घटनाक्रम देखिन थालेका छन्। यस्तै हो भने घण्टी पार्टी र यसका नेताहरुको यस्तो लुटतन्त्रको अवधि अब धेरै छैन। यही पाँच वर्षे अवधि रहलाकि नरहला ? दिन गन्ती सुरु भइसक्न थालेको छ। अन्त्यमा जति साँधु आए पनि खरानी नै घसेका। राणापछि राजा-कांग्रेस, कांग्रेसपछि राजा-पञ्चे अनि पञ्चेपछि राजा कांग्रेस- एमाले र कांग्रेस, एमालेपछि माओवादी अब यी पछि रास्वपा घण्टी पार्टी रवि, बालेन। नाम र रुपमा केही फरक जस्तो भए पनि सारमा उस्तै घुम्दै फिर्दै रुम्जाटार जस्ताको तस्तै।

# नेप्से परिसूचक १७ अङ्कले घट्यो



काठमाडौं। नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा बिहीबार पनि गिरावट आएको छ। नेप्से परिसूचक १७ दशमलव शून्य एक अङ्कले घटेर दुई हजार ७८७ दशमलव १५ को बिन्दुका कायम भएको हो। यो शून्य दशमलव ६० प्रतिशतले घटेको हो। विगत चार कारोबार दिनयता शेयर बजारमा लगातार गिरावट आइरहेको छ।

बुधबार दुई हजार ८०४ अङ्कमा रहेको बजार बिहीबार दुई हजार ७८७ को बिन्दुमा पुगेको नेप्सेले जनाएको छ। अघिल्लो दिन सात अर्ब ८१ करोड ३९ लाख ४७ हजार ३४२ बराबरको कारोबार भएकामा आज उक्त रकम घटेर रु पाँच अर्ब नौ करोड ५९ लाख पाँच हजार ७५७ दशमलव १७ मा पुगेको छ।

४६ कम्पनीको शेयर मूल्य बढेको छ भने २१६ कम्पनीको मूल्य घट्नुका साथै सात कम्पनी स्थिर रहेका छन्। ३४८ कम्पनीको एक करोड १३ लाख ७५ हजार ६९९ कित्ता शेयर ९३ हजार ९०७ पटक खरिदबिक्री हुँदा रु रु पाँच अर्ब नौ करोड ५९ लाख पाँच हजार ७५७ दशमलव १७ को कारोबार भएको नेप्सेले जनाएको छ।

उत्पादन तथा प्रशोधन शून्य दशमलव ६० र व्यापार समूह शून्य दशमलव ४३ प्रतिशतले बढेको छ भने बाँकी सबै समूहका परिसूचक घटेका छन्। होटल तथा पर्यटन समूह सबैभन्दा बढी एक दशमलव ४२ प्रतिशतले घटेको छ। बैंकिङ शून्य दशमलव ७६, विकास बैंक शून्य दशमलव शून्य आठ, फाइनान्स एक दशमलव शून्य छ, हाइड्रोपावर एक दशमलव शून्य पाँच, लगानी शून्य दशमलव ५३, जीवन बिमा शून्य दशमलव ४३, माइक्रोफाइनान्स शून्य दशमलव ५३, निर्जीवन बिमा एक दशमलव १९ तथा अन्य समूह शून्य दशमलव ८५ प्रतिशतले घटेको छ।

सबैभन्दा बढी पाल्पा सिमेन्ट इन्डस्ट्रिज लिमिटेड र शिखर पावर डेभलपमेन्ट लिमिटेडको शेयर मूल्य १४ दशमलव ९९ प्रतिशतले बढेको छ। त्यस्तै कर्पोरेट डेभलपमेन्ट बैंक लिमिटेडको शेयर मूल्य नौ दशमलव २४ प्रतिशतले बढेको छ।

# फर्सीको मुन्टा खाँदा स्वास्थ्यलाई मिल्छ यस्ता ९ फाइदा

स्वाद र स्वास्थ्यले भरिपूर्ण फर्सीको तरकारी त धेरैको भान्सामा बनाइन्छ। यो औषधीय गुणका लागि पनि परिचित छ। यसको सेवनले शरीरलाई धेरै गम्भीर रोगबाट बचाउन सकिन्छ। एनीसीबीआईको अनुसन्धान अनुसार, फर्सीमा एन्टिडायबेटिक, एन्टिअक्सिडेन्ट, एन्टिइन्फ्लेमेटरीका साथै अन्य आवश्यक तत्त्व पाइन्छन्।

तर आज हामी तपाईंलाई फर्सीको मुन्टा खाँदा हुने स्वास्थ्य लाभबारे जानकारी दिँदै छौं।

**फर्सीको मुन्टाको पोषक तत्व**

फर्सीको मुन्टामा फाइबर, पोटासियम, भिटामिन ए, भिटामिन सी, फाइटोकेमिकल्स, फ्याटी एसिड आदि प्रशस्त मात्रामा पाइन्छ। यसका साथै यसमा क्याल्सियम, म्यागनीज, भिटामिन बी ६ र फस्फोरस पनि पाइन्छ। यी सबै पोषक तत्त्वहरूले शारीरिक र मानसिक विकासमा महत्त्वपूर्ण भूमिका खेल्छन्।

**फर्सीको मुन्टा खानुको फाइदा**

**१. पिएमएस सिन्ड्रोममा प्रभावकारी**

पिएमएस अर्थात् प्रीमेन्स्ट्रुअल सिन्ड्रोम, धेरैजसो महिलालाई यो समस्या हुन्छ। यसका कारण उनीहरूले मुड स्विङ, टाउको दुख्ने, डिप्रेसन र चिडचिडापन जस्ता समस्याहरूको सामना गर्नुपर्ने हुन्छ। यसबाट छुटकारा पाउनका लागि महिलाहरूलाई म्यागनीज युक्त खानेकुरा खान सल्लाह दिइन्छ। फर्सीको मुन्टामा म्यागनीज प्रशस्त हुन्छ।

**२. कब्जियतबाट छुटकारा**

खराब दिनचर्याका कारण प्रायः सबैलाई कब्जियतको समस्याले सताएको हुन्छ। फाइबर गुणले भरिपूर्ण फर्सीको मुन्टाको सेवनले यसबाट राहत पाउन सक्नुहुन्छ। यसले दिसालाई नरम पार्नुका साथै दिसा पास गर्न सजिलो बनाउँछ।

**३. घाउ निको पार्न मद्दत गर्छ**

तपाईंको घाउ निको हुन धेरै समय लाग्छ ? यस्तो अवस्थामा फर्सीको मुन्टाको सेवनले घाउ छिट्टै निको पार्न मद्दत गर्छ। यसमा पाइने भिटामिन सी घाउ छिट्टै निको पार्न प्रभावकारी हुन्छ। यसका साथै यो छालाको लागि पनि निकै फाइदाजनक हुन्छ।

**४. हड्डी बलियो बनाउँछ**

यदि तपाईं फर्सीको मुन्टा खानुहुन्छ भने, यसले तपाईंको शरीरको हड्डीलाई बलियो बनाउँछ। यसको पातमा क्याल्सियम र फस्फोरस प्रचुर मात्रामा पाइन्छ। यी पोषक तत्त्वहरूले तपाईंको हड्डी बलियो बनाउनुका साथै दाँतको विकासमा महत्त्वपूर्ण भूमिका खेल्छ। यसको सेवनले जोर्नी र हड्डीको दुखाइबाट पनि राहत मिल्छ।

**५. रक्तअल्पत्ताको जोखिम कम गर्छ**

फर्सीको मुन्टामा फलामको राम्रो मात्रा हुन्छ। यसको सेवन महिला तथा बालबालिकाका लागि निकै लाभदायक मानिन्छ। यसलाई आफ्नो आहारमा समावेश गर्नुहोस्। यसो गर्नाले रक्तअल्पत्ताबाट बच्न सकिन्छ।

**६. क्यान्सर रोक्न मद्दत गर्छ**

फर्सीको मुन्टामा राम्रो मात्रामा फाइबर पाइन्छ, जसका कारण पछिल्ला तीन दशकको अनुसन्धानले यसमा पाइने फाइबरले कोलोन क्यान्सरलाई कम गर्ने देखाएको छ। फर्सीको मुन्टा नियमित रूपमा खान सकिन्छ र यसको सूप पनि धेरै लाभदायक हुन सक्छ।

**७. मुटु स्वस्थ राख्छ**

पोटासियम गुणले भरिपूर्ण फर्सीको मुन्टाको सेवन मुटुसम्बन्धी रोगका लागि निकै फाइदाजनक हुन्छ। यो अनियमित हृदयाघात रोक्न सक्षम छ। यस बाहेक फर्सीको मुन्टा खाँदा स्ट्रोकको खतरा कम हुन्छ।

**८. कोलेस्ट्रोल कम गर्न मद्दत गर्छ**

फर्सीको मुन्टामा घुलनशील फाइबरको मात्रा पाइन्छ। यदि तपाईं यसलाई धेरै मात्रामा खानुहुन्छ भने, यसले सानो आन्द्राबाट कोलेस्ट्रोल र पित्त एसिडको अवशोषण कम गर्छ। यसरी यसले रगतबाट कोलेस्ट्रोलको मात्रा घटाउन पनि मद्दत गर्छ।

**९. शरीरको प्रतिरक्षा बढाउँछ**

शरीरको प्रतिरक्षा शक्ति बढाउन चाहनेले नियमित रूपमा सीमित मात्रामा फर्सीको मुन्टाको खान सक्नुहुन्छ। यसमा आइरन पाइन्छ, जसले शरीरमा रोगसँग लड्ने क्षमतालाई मजबुत बनाउँछ। यसका साथै यसमा भिटामिन ए पाइन्छ, जसले आँखाको ज्योति बढाउँछ।

# बाघखोरमा बाघको प्रतिमासहितको 'पार्क' निर्माण



म्याग्दी । पर्यटकलाई आकर्षित गर्न यहाँको बेनी नगरपालिका-३ भकिम्लीको बाघखोरमा पार्क निर्माण गरिएको छ ।

भकिम्लीको मुसुङ र भुकभुके टोलको शिर, स्वर्गाश्रम र बेलढुङ्गाको फेदीमा प्रयोगविहीन अवस्थामा रहेको सार्वजनिक पाखोलाई संरक्षण र व्यवस्थापन गरेर पार्क बनाइएको हो ।

बेनी नगरपालिका र दाताको सहयोग तथा स्थानीयवासीको श्रमदान जुटाएर पर्यटकका लागि आश्रयस्थल भवन, वनभोज स्थल र बाघको प्रतिमा भएको पार्क निर्माण गरेको बेनी नगरपालिका-३ का वडाध्यक्ष पदम पुनले जानकारी दिए ।

"आर्थिक वर्ष २०७६/७७ मा वडाको प्रस्तावमा बेनी नगरपालिकाले एक लाख रुपैयाँ बजेट विनियोजन गरेर सुरु भएको पार्क निर्माण योजनाका लागि हरेक वर्ष बजेट विनियोजन गर्दै आएका छौँ," उनले भने-"यसपालि विनियोजन भएको तीन लाख रुपैयाँ बजेटबाट वनभोज स्थलका लागि आवश्यक सामग्री खरिद र घेराबार गरेर पूर्णता दिने तयारीमा छौँ ।"

पार्क निर्माणमा नगरपालिका र समुदायको १० लाख रुपैयाँभन्दा बढी खर्च भएको वडाध्यक्ष पुनले बताए । समुन्द्री सतहदेखि करिब दुई हजार २५० मिटर उचाइमा अवस्थित बाघखोरमा पार्क बनाउन बराहताल सामुदायिक वन क्षेत्रमा पर्ने आठ रोपनी जग्गालाई घेराबार गरिएको छ ।

दुई वटा भवन, सार्वजनिक शौचालय निर्माण भएको पार्कमा खानेपानीको व्यवस्था पनि मिलाइएको निर्माण समितिका अध्यक्ष पृथीप्रसाद पुनले बताए ।

तीन लाख ५० हजार रुपैयाँ खर्च गरेर बाघको प्रतिमा राखिएको छ । स्थानीय दिलमती र सञ्जय सुनारले पानको पात अङ्कित स्तम्भ बनाएका छन् । धनलाल जैसीको सहयोगमा कालिका र मालिका देवीको मन्दिर निर्माण भएको छ ।

मुसुङ र भुकभुकेदेखि स्वर्गाश्रम जाने पदमार्ग र सडकको छेउमा अवस्थित बाघखोरबाट धौलागिरि, अन्नपूर्ण, गुर्जा हिमशृंखला, सूर्योदय, नागबेली परेर बगेको म्याग्दी नदी र म्याग्दीका विभिन्न ग्रामीण बस्तीहरुको दृश्यावलोकन गर्न सकिन्छ ।

नयाँ पर्यटकीय गन्तव्यका रुपमा विकास भएको स्वर्गाश्रम र बेलढुङ्गा घुम्न आउने आन्तरिक तथा बाह्य पर्यटकहरुको बसाइ लम्बाउने उद्देश्यले बाघखोरमा पार्क बनाएको निर्माण समितिका अध्यक्ष पुनले जनाए । उनका अनुसार परापूर्वकालमा यहाँ बाघलाई पासोमा पार्न खोर राखिएकाले बाघखोर नामाकरण भएको किंवदन्ती छ ।

---

**उद्योगी...**

त्यस्तै सोही कार्यमा सहयोगी भूमिका खेलेका हिमालयन रिइन्स्योरेन्स कम्पनी लिमिटेड, हिमालयन क्यापसर्ब लिमिटेड, नेपाल माइक्रो इन्स्योरेन्स कम्पनी, हिमालयन सेक्युरिटिज बैंकर लिमिटेड, एचएलआई लार्ज क्याप फन्ड, रोहित गुप्ता र शेखर गोल्छा रहेको पनि प्रतिवेदनमा उल्लेख छ ।

साथै, शुभी अग्रवाल, हिमालयन लाइफ इन्स्योरेन्स लिमिटेड, ऋषिराज मोर र राजबहादुर शाहसमेत नेपाल रिइन्स्योरेन्स कम्पनीको सेयर मूल्य बढाउने कार्यमा संलग्न रहेको बोर्डको अनुसन्धानले देखाएको छ । बोर्डले यी व्यक्ति तथा संस्थामाथि अनुसन्धान गर्न प्रहरी प्रधान कार्यालयमा सिफारिस गरेको थियो ।

शुभी अग्रवाल सम्पत्ति शुद्धीकरणसम्बन्धी अनुसन्धान क्रममा हाल हिरासतमा रहेका सुलभ अग्रवालकी श्रीमती हुन् । सुलभ हिमालयन लाइफ इन्स्योरेन्स कम्पनीका अध्यक्षसमेत हुन् ।

**जलवायु...**

सम्मेलनमा विभिन्न विषयगत सत्रहरूमा छलफल गर्दै नेपालमा पर्याप्त नीति भएता पनि कार्यान्वयन पक्ष कमजोर रहेकाले संघीय, प्रादेश र स्थानीय सरकारबिच प्रभावकारी समन्वय हुनुपर्ने निचोड निकालिएको छ ।

जलवायु सुशासनको स्थानीयकरणका लागि स्थानीय सरकार र समुदायलाई नेतृत्वदायी भूमिकामा सशक्त बनाउने, बजेट विनियोजन वृद्धि गर्ने र जलवायु परिवर्तनलाई विकास योजनाको मूलधारमा ल्याउनुपर्ने, जलवायु वित्तमा सरल पहुँच स्थापित गर्न अन्तर्राष्ट्रिय र राष्ट्रियस्तरका जलवायु कोषहरूलाई पारदर्शी र पहुँचयोग्य बनाउँदै सिधैं प्रभावित समुदायसम्म पुऱ्याउने संयन्त्र निर्माण गर्नुपर्ने निचोड निकालिएको हो ।

यसैगरी समावेशी न्याय र दृष्टिकोण निर्माणका लागि युवा, महिला, आदिवासी, दलित र अपाङ्गता भएका व्यक्तिहरूको विशिष्ट जोखिमलाई सम्बोधन गर्दै उनीहरूलाई नीति निर्माणको नेतृत्वमा ल्याउनुपर्ने, विपद् जोखिम न्यूनीकरणका लागि जलवायुजन्य क्षति न्यूनीकरणका गर्न 'इन्डेक्समा आधारित बिमा' जस्ता नवीन प्रविधिहरू अपनाई जीविकोपार्जन सुरक्षित गर्नुपर्नेमा निचोड निकालिएको छ ।

सम्मेलनको पहिलो सत्रमा जलवायु सुशासनको विकेन्द्रीकरणबारे बहस भएको थियो भने दोस्रो सत्रमा विपद् व्यवस्थापन र नवीन वित्तीय सुरक्षाका विषयमा अनुभव साटासाट गरिएको थियो ।

त्यसैगरी, तेस्रो सत्रमा जलवायु सहनशीलताका लागि समावेशी दृष्टिकोणबारे सीमान्तकृत समुदायको प्रतिनिधित्व र न्यायको विषयमा चर्चा गरिएको थियो ।

किर्डार्क नेपालकी नीति योजना तथा अनुसन्धान निर्देशक गीता पाण्डेले जलवायु अनुकूलनलाई प्राथमिकतामा राख्न र कार्यान्वयनमा साझेदारी बढाउन सुझाव दिइन् ।

# प्रज्ञा पुरस्कार-२०८२ बाट बाह्र जना पुरस्कृत हुँदै

बुटवल । नेपाल प्रज्ञा-प्रतिष्ठानद्वारा हरेक वर्ष प्रदान गरिँदै आएको प्रज्ञा पुरस्कारअन्तर्गत 'प्रज्ञा पुरस्कार-२०८२' बाट पुरस्कृत हुनेहरूको नाम सार्वजनिक गरिएको छ ।

भाषा, साहित्य, संस्कृति, दर्शनशास्त्र र सामाजिकशास्त्र गरी विभिन्न विधाबाट पुरस्कृतहरुको सूची बिहीबार प्रतिष्ठानले सार्वजनिक गरेको हो । साथै, यसपटकदेखि प्रज्ञा प्रादेशिक पुरस्कारसमेत प्रारम्भ गरेको प्रतिष्ठानले जनाएको छ ।

प्रतिष्ठानका सदस्य सचिव डा. धनप्रसाद सुवेदीद्वारा जारी विज्ञप्तिअनुसार जनही एक लाख रुपैयाँ राशि रहेको प्रज्ञा पुरस्कार १२ जनालाई दिइने भएको छ । जसमा समालोचनातर्फ प्राडा अभि सुवेदी, भाषातर्फ प्रा. मुकुन्दशरण उपाध्याय, सामाजिकशास्त्रतर्फ डा. डम्बर चेम्जोङ, पद्‌म साहित्यतर्फ शैलेन्द्र साकार, संस्कृतितर्फ प्राडा सोमप्रसाद खतिवडा बालसाहित्यतर्फ सुशीला प्रधानाङ्ग, गद्यसाहित्यतर्फ आहुति, दर्शनतर्फ ईश्वरचन्द्र ज्ञवाली, अनुवादतर्फ डा. सर्वोत्तम श्रेष्ठ, अन्तर्देशीयतर्फ नरेश काङ्माङ राई (बेलायत), मातृभाषा (हिमाली पहाडी) तर्फ बुद्ध योञ्जन र मातृभाषा (मधेस तराई)तर्फ अमरेन्द्रकुमार यादवलाई प्रदान गरिने भएको छ ।

यसैगरी, जनही ५० हजार रुपैयाँ राशिको रहेको प्रज्ञा प्रादेशिक पुरस्कार नेपाल प्रज्ञा-प्रतिष्ठानले पहिलोपटक ७ जनालाई दिने भएको छ । जसमा कोसी/१ नम्बरतर्फ मलिसा याक्थुम्बा लिम्बू (महेन्द्रकुमार नेम्वाङ), मधेस प्रदेशतर्फ मुना चौधरी, बागमती प्रदेशतर्फ शान्ति प्रिय बन्दना, गण्डकी प्रदेशतर्फ अनिल श्रेष्ठ, लुम्बिनी प्रदेशतर्फ क्षितिज मगर, कर्णाली प्रदेशतर्फ रमानन्द आचार्य, सुदूरपश्चिम प्रदेशतर्फ कर्ण दयाल सोडारीलाई प्रज्ञा प्रादेशिक पुरस्कार प्रदान गरिने भएको छ ।

उक्त पुरस्कारहरू यही बैशाख १७ गते बिहीबार नेपाल प्रज्ञा-प्रतिष्ठानको सिद्धिचरण सभाकक्ष, कमलादी, काठमाडौँमा कार्यक्रम आयोजना गरी प्रदान गरिने विज्ञप्तिमा जनाइएको छ ।


# शाइन रेसुङ्गा डेभलपमेण्ट बैंक लिमिटेडका ऋणीहरुलाई कर्जा चुक्ता गर्न आउने बारेको अत्यन्त जरुरी ३५ (पैतीस) दिने सार्वजनिक सूचना

प्रकाशित मिति : २०८३/०१/११ गते शुक्रबारको लुम्बिनी दैनिक

यस विकास बैंकको विभिन्न शाखा कार्यालयहरुबाट कर्जा लिने तपसिलमा उल्लेखित ऋणीहरुले ऋण लिँदा गरिदिएका लिखत र कर्जा सुविधा प्रस्ताव/स्वीकृति पत्रको शर्तमा तोकिए बमोजिम विकास बैंकलाई तिर्नु बुझाउनु पर्ने कर्जा रकम म्याद भित्र चुक्ता भुक्तान नगरेको र विकास बैंकबाट पटक पटक लिखित तथा मौखिक तरताकिता गर्दा समेत कर्जा चुक्ता गर्ने तर्फ कुनै तत्परता नदेखाएको हुनाले यो ३५ (पैतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतीस) दिन भित्र विकास बैंकमा तिर्नु बुझाउनु पर्ने कर्जाको सम्पूर्ण सावाँ, ब्याज तथा अन्य दै-दस्तुर समेत बुझाउनु हुन सम्बन्धित ऋणी र धितो जमानीदिने व्यक्ति तथा व्यक्तिगत जमानीकर्ता लाई सूचित गरिएको छ । सो म्याद भित्र बक्यौता रहेको सम्पूर्ण कर्जा रकम विकास बैंकलाई चुक्ता भुक्तान नगरी बसेमा ऋणीले यस विकास बैंकबाट कर्जा लिँदाका बखत विकास बैंकलाई लेखिदिएको धितो र कथम कदाचित धितोबाट असुल उपर हुन नसके असुल उपर नभई बाँकी रहेको रकम ऋणी वा निजको एकाघर संगोल परिवारका नाउँमा रहेको अन्य चल अचल सम्पत्ति वा ऋण लिँदा जमानी दिनेको नाममा रहेको वा निजको हकको चल अचल सम्पत्तिबाट समेत बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, तथा अन्य प्रचलित नेपाल कानून बमोजिम लिलाम विक्री गरी वा अन्य कुनै व्यवस्था गरी विकास बैंकको लेना रकम असुल उपर गरिलिने तथा ऋणी, सञ्चालक, प्रोप्राईटर, साझेदार, व्यक्तिगत तथा धितो जमानतकर्ता र नेपाल राष्ट्र बैंकको कालोसूची सम्बन्धी निर्देशन बमोजिम ऋणसँग सम्बन्धित अन्य पक्षहरुको तीनपुस्ते विवरण सहित कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचीमा समावेश गर्न सिफारिस गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा समेत पूर्व जानकारीका लागि सूचित गरिएको छ ।

तपशिल

**ऋणीको नाम र ठेगाना (शाखा कार्यालय जितपुर)**

१. नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय कम्पनी रजिष्ट्रार कार्यालय दर्ता .नं २९३५२४/७८/०७९ मिति २०७९/०३/२४, आन्तरिक राजस्व विभाग स्थायी लेखा नम्बर ६१०३११२१५ मिति २०७९/०३/२७ मा दर्ता भई रुपन्देही जिल्ला सैनामैना न.पा वडा नं. ७ स्थित **सुपादेउराली पोल्ट्री एण्ड एग्रो इण्डष्ट्री प्रा.लि.**
**अ.प्रा.स.को विवरण**: टिकाराम बेल्वासेको नाती, गोविन्द प्रसाद बेल्वासेको छोरा, कपिलवस्तु जिल्ला मोतिपुर गा.वि.स वडा नं. ०१ स्थायी ठेगाना भई हाल कपिलवस्तु जिल्ला वाणगंगा न.पा.वडा नं. ०७ बस्ने **नारायण प्रसाद बेल्वासे** (ना.प्र.नं. ३८१०२०/१९९, कपिलवस्तु जारी मिति : २०६५/०५/०२)
२. टिकाराम बेल्वासेको नाती, गोविन्द प्रसाद बेल्वासेको छोरा, कपिलवस्तु जिल्ला मोतिपुर गा.वि.स वडा नं. ०१ स्थायी ठेगाना भई हाल कपिलवस्तु जिल्ला वाणगंगा न.पा.वडा नं. ०७ बस्ने **नारायण प्रसाद बेल्वासे** (ना.प्र.नं. ३८१०२०/१९९, कपिलवस्तु जारी मिति : २०६५/०५/०२).

**संस्थागत तथा व्यक्तिगत धनजमानी/ धितो जमानी दिनेहरुको विवरण**

१. टिकाराम बेल्वासेको नाती, गोविन्द प्रसाद बेल्वासेको छोरा, कपिलवस्तु जिल्ला मोतिपुर गा.वि.स वडा नं. ०१ स्थायी ठेगाना भई हाल कपिलवस्तु जिल्ला वाणगंगा न.पा.वडा नं. ०७ बस्ने **नारायण प्रसाद बेल्वासे** (ना.प्र.नं. ३८१०२०/१९९, कपिलवस्तु जारी मिति : २०६५/०५/०२)
२. गोविन्द प्रसाद बेल्वासेको नाती, नारायण प्रसाद बेल्वासेको छोरा, कपिलवस्तु जिल्ला वाणगंगा न.पा.वडा नं. ०७ स्थायी ठेगाना भई हाल ऐ.ऐ बस्ने **आकाश बेल्वासे** (ना.प्र.नं.३८-०६-७५-०१३४५, कपिलवस्तु, जारी मिति : २०७५/०७/१६)
३. गोविन्द प्रसाद बेल्वासेको बुहारी, नारायण प्रसाद बेल्वासेको पत्नी, कपिलवस्तु जिल्ला वाणगंगा न.पा.वडा नं. १३ स्थायी ठेगाना भई हाल कपिलवस्तु जिल्ला वाणगंगा न.पा. वडा नं. ०७ बस्ने **अम्बीका अधिकारी बेल्वासे** (ना.प्र.नं.३८-०१-७३-००४१६, कपिलवस्तु, जारी मिति : २०७३/०१/१७)
४. नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय कम्पनी रजिष्ट्रार कार्यालय दर्ता .नं २९३५२४/७८/०७९ मिति २०७९/०३/२४, आन्तरिक राजस्व विभाग स्थायी लेखा नम्बर ६१०३११२१५ मिति २०७९/०३/२७ मा दर्ता भई रुपन्देही जिल्ला सैनामैना न.पा वडा नं. ७ स्थित **सुपादेउराली पोल्ट्री एण्ड एग्रो इण्डष्ट्री प्रा.लि.**

**धितो सुरक्षणमा रहेको सम्पत्तिको विवरण**

नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय कम्पनी रजिष्ट्रार कार्यालय दर्ता .नं २९३५२४/७८/०७९ मिति २०७९/०३/२४, आन्तरिक राजस्व विभाग स्थायी लेखा नम्बर ६१०३११२१५ मिति २०७९/०३/२७ मा दर्ता भई रुपन्देही जिल्ला सैनामैना न.पा वडा नं. ७ स्थित **सुपादेउराली पोल्ट्री एण्ड एग्रो इण्डष्ट्री प्रा.लि.**को नाममा मालपोत कार्यालय बुटवल, रुपन्देहीमा दर्ता श्रेस्ता कायम रहेको रुपन्देही जिल्ला दुधराक्ष गा.वि.स वडा न. ७घ स्थित कि.न ६५१ क्षेत्रफल १-२-१०-० (बिघा) को जग्गाहरु र सो जग्गाहरुमा बनेको तथा पछि निर्माण हुने घर टहरा र सोले चर्चेको लिगलगापातहरु समेत ।

**ऋणीको नाम र ठेगाना (शाखा कार्यालय बडेरा)**

नर बहादुर थापाको बुहारी, खडक बहादुर थापाको पत्नी, बागलुङ जिल्ला बरेङ गा.पा वडा नं. ०३ स्थायी ठेगाना भई हाल नवलपरासी जिल्ला सुनवल न.पा वडा नं. १३ बस्ने **भिम कुमारी खत्री थापा** (ना.प्र.नं.२४९, गुल्मी, जारी मिति : २०४४/१२/०४)

**व्यक्तिगत धनजमानी/ धितो जमानी दिनेहरुको विवरण**

१. चन्द्र बहादुर थापाको नाती, नर बहादुर थापाको छोरा, बागलुङ जिल्ला बाटाकाचौर गाउँ पञ्चायत वडा नं. ०४ स्थायी ठेगाना भई हाल नवलपरासी जिल्ला सुनवल न.पा वडा नं. १३ बस्ने **खडक बहादुर थापा** (ना.प्र.नं.६७४, बाग्लुङ, जारी मिति : २०४६/१/२७)
२. नर बहादुर थापाको नाती, खडक बहादुर थापाको छोरा, बागलुङ जिल्ला बाटाकाचौर गा.वि.स वडा नं. ०४ स्थायी ठेगाना भई हाल नवलपरासी जिल्ला सुनवल न.पा वडा नं. १३ बस्ने **ओम प्रकाश थापा** (ना.प्र.नं.५०१०३५/३९८७७, बाग्लुङ, जारी मिति : २०७०/०७/२१)
३. खडक बहादुर थापाको बुहारी, ओम प्रकाश थापाको पत्नी, नवलपरासी (ब.सु.पू) जिल्ला कावासोती न.पा वडा नं. १४ स्थायी ठेगाना भई हाल नवलपरासी जिल्ला सुनवल न.पा वडा नं. १३ बस्ने **विनिता अधिकारी** (ना.प्र.नं.७७-०१-७६-०१८६९, नवलपरासी (ब.सु.पू), जारी मिति : २०७६/०५/२३)
४. नर बहादुर थापाको बुहारी, खडक बहादुर थापाको पत्नी, बागलुङ जिल्ला बरेङ गा.पा वडा नं. ०३ स्थायी ठेगाना भई हाल नवलपरासी जिल्ला सुनवल न.पा वडा नं. १३ बस्ने **भिम कुमारी खत्री थापा** (ना.प्र.नं.२४९, गुल्मी, जारी मिति : २०४४/१२/०४)

**धितो सुरक्षणमा रहेको सम्पत्तिको विवरण**

नर बहादुर थापाको बुहारी, खडक बहादुर थापाको पत्नी, बागलुङ जिल्ला बरेङ गा.पा वडा नं. ०३ स्थायी ठेगाना भई हाल नवलपरासी जिल्ला सुनवल न.पा वडा नं. १३ बस्ने **भिम कुमारी खत्री थापा**को नाममा मालपोत कार्यालय परासी नवलपरासी (ब. सु.प.)मा दर्ता श्रेस्ता कायम रहेको नवलपरासी जिल्ला रामनगर गा.वि.स.वडा न. ४ छ स्थित कि.न ५५ क्षेत्रफल ०-२-०-० (बिघा) को जग्गाहरु र सो जग्गाहरुमा बनेको तथा पछि निर्माण हुने घर टहरा र सोले चर्चेको लिगलगापातहरु समेत ।

**ऋणीको नाम र ठेगाना (शाखा कार्यालय शंकरनगर)**

प्रदेश सरकार, लुम्बिनी प्रदेश, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय घरेलु तथा साना उद्योग कार्यालय, सिद्धार्थनगर, रुपन्देही प्रा.फ.दर्ता.नं. २२१२४/०७७/७८ मिति २०७७/१२/२९, आन्तरिक राजस्व विभाग स्थायी लेखा नम्बर ६१५७८७७२९ मिति २०७७/१२/२९ मा दर्ता भई रुपन्देही जिल्ला बुटवल उ.म.न.पा.वडा नं. ९ स्थित **न्यू अर्घाखाँची छत्रदेव फेमिली होटल एण्ड रेष्टुरेन्ट**
**प्रोप्राइटरको विवरण**: खुमानन्द भुसालको बुहारी, गोविन्द प्रसाद भुसालको पत्नी, अर्घाखाँची जिल्ला बल्कोट गा.वि.स वडा नं. ०२ स्थायी ठेगाना भई हाल रुपन्देही जिल्ला बुटवल उ.म.न.पा.वडा नं. ०९ बस्ने **सिमा भुसाल** (ना.प्र.नं. ४०३००२/२२९, अर्घाखाँची जारी मिति : २०६३/१०/१२)

**व्यक्तिगत धनजमानी/धितो जमानी दिनेहरुको विवरण**

१. बासुदेव भुसालको नाती, खुमानन्द भुसालको छोरा, अर्घाखाँची जिल्ला छत्रदेव गा.पा वडा नं ०३ स्थायी ठेगाना भई हाल रुपन्देही जिल्ला बुटवल उ.म.न.पा.वडा नं.०९ बस्ने **गोविन्द प्रसाद भुसाल** (ना.प्र.नं.८९४/४५०, अर्घाखाँची, जारी मिति : २०५९/०९/०४)
२. खुमानन्द भुसालको बुहारी, गोविन्द प्रसाद भुसालको पत्नी, अर्घाखाँची जिल्ला बल्कोट गा.वि.स वडा नं. ०२ स्थायी ठेगाना भई हाल रुपन्देही जिल्ला बुटवल उ.म.न.पा.वडा नं. ०९ बस्ने **सिमा भुसाल** (ना.प्र.नं. ४०३००२/२२९, अर्घाखाँची जारी मिति : २०६३/१०/१२)

**धितो सुरक्षणमा रहेको सम्पत्तिको विवरण**

खुमानन्द भुसालको बुहारी, गोविन्द प्रसाद भुसालको पत्नी, अर्घाखाँची जिल्ला बल्कोट गा.वि.स वडा नं. ०२ स्थायी ठेगाना भई हाल रुपन्देही जिल्ला बुटवल उ.म.न.पा.वडा नं. ०९ बस्ने **सिमा भुसाल**को नाममा मालपोत कार्यालय बुटवल, रुपन्देहीमा दर्ता श्रेस्ता कायम रहेको रुपन्देही जिल्ला केरवानी गा.वि.स वडा न. ३ ग स्थित कि.न ४०७ क्षेत्रफल ०-१०-१.५-० (बिघा) को जग्गाहरु र सो जग्गाहरुमा बनेको तथा पछि निर्माण हुने घर टहरा र सोले चर्चेको लिगलगापातहरु समेत ।

**ऋणीको नाम र ठेगाना (शाखा कार्यालय मजुवा)**

टेक बहादुर थापाको बुहारी, सुब्बा थापाको पत्नी, गुल्मी जिल्ला तुराङ गा.वि.स. वडा नं. ०४ स्थायी ठेगाना भई हाल गुल्मी जिल्ला चन्द्रकोट गा.पा वडा नं. ०८ बस्ने **सरस्वती राना** (ना.प्र.नं. ५७७२४, गुल्मी जारी मिति : २०६२/१२/०३).

**व्यक्तिगत धनजमानी /धितो जमानी दिनेहरुको विवरण**

१. कर्ण थापाको नाती, टेक बहादुर थापाको छोरा, गुल्मी जिल्ला हसरा गा.वि.स. वडा नं. ०४ स्थायी ठेगाना भई हाल गुल्मी जिल्ला चन्द्रकोट गा.पा वडा नं. ०८ बस्ने **सुब्बा थापा** (ना.प्र.नं.४११०५०/६४९५८, गुल्मी, जारी मिति : २०६३/१२/१४)
२. टेक बहादुर थापाको बुहारी, सुब्बा थापाको पत्नी, गुल्मी जिल्ला तुराङ गा.वि.स. वडा नं. ०४ स्थायी ठेगाना भई हाल गुल्मी जिल्ला चन्द्रकोट गा.पा वडा नं. ०८ बस्ने **सरस्वती राना** (ना.प्र.नं. ५७७२४, गुल्मी जारी मिति : २०६२/१२/०३).

**धितो सुरक्षणमा रहेको सम्पत्तिको विवरण**

मन बहादुर रानाको नातिनी, खिम बहादुर रानाको छोरी, गुल्मी जिल्ला तुराङ गा.वि.स. वडा नं. ०४ स्थायी ठेगाना भई हाल गुल्मी जिल्ला चन्द्रकोट गा.पा वडा नं. ०८ बस्ने **सरस्वती राना**को नाममा मालपोत कार्यालय मजुवा बजार, गुल्मीमा दर्ता श्रेस्ता कायम रहेको गुल्मी जिल्ला तुराङ गा.वि.स वडा नं. ०४ स्थित कि.न : ७७०, १३३ र १३१ क्षेत्रफल क्रमशः ८-१२-०-०, १-४-३-० र २-१५-३-१ (रोपनी) को जग्गाहरु र सो जग्गाहरुमा बनेको तथा पछि निर्माण हुने घर टहरा र सोले चर्चेको लिगलगापातहरु समेत ।

**ऋणीको नाम र ठेगाना (शाखा कार्यालय पर्सा)**

लुम्बिनी प्रदेश सरकार, उद्योग, पर्यटन तथा यातायात व्यवस्था मन्त्रालय, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय घरेलु तथा साना उद्योग कार्यालय तौलिहवा, कपिलवस्तु प्रा.फ.द.नं. १५९६८/०८० मिति २०८०/१०/२३, आन्तरिक राजस्व विभाग स्थायी लेखा नम्बर १२८३४०७६३ मिति २०७८/१०/०५ मा दर्ता भई कपिलवस्तु जिल्ला कपिलवस्तु न.पा.वडा नं. ८ स्थित **शिव मिष्ठान भण्डार** ।
**प्रोपाईटरको विवरण** : राम ललित प्रसाद चौधरीको नाती, दया शंकर चौधरीको छोरा, रुपन्देही जिल्ला सक्रौनपकडी गा.वि.स. वडा नं. ०९ स्थायी ठेगाना भई हाल रुपन्देही जिल्ला कोटहीमाई गा.पा वडा नं. ०२ बस्ने **शिव सागर चौधरी** (ना.प्र.नं.३७१०६६/१२५६३, रुपन्देही, जारी मिति : २०६८/०८/१९)

**व्यक्तिगत धनजमानी/ धितो जमानी दिनेहरुको विवरण**

१. बुध्दु चौधरीको नाती, राम ललित प्रसाद चौधरीको छोरा, रुपन्देही जिल्ला कोटहीमाई गा.पा वडा नं. ०२ स्थायी ठेगाना भई हाल ऐ.ऐ. बस्ने **दया शंकर चौधरी** (ना.प्र.नं.२०७५६, रुपन्देही, जारी मिति : २०४८/०६/२०)
२. राम ललित प्रसाद चौधरीको नाती, दया शंकर चौधरीको छोरा, रुपन्देही जिल्ला सक्रौनपकडी गा.वि.स.वडा नं. ०९ स्थायी ठेगाना भई हाल रुपन्देही जिल्ला कोटहीमाई गा.पा वडा नं. ०२ बस्ने **विद्या सागर चौधरी** (ना.प्र.नं.३७२०६६/२०४१५, रुपन्देही, जारी मिति : २०६९/११/०१)
३. राम ललित प्रसाद चौधरीको बुहारी, दया शंकर चौधरीको पत्नी, रुपन्देही जिल्ला बसन्तपुर गा.वि.स वडा नं. ९ स्थायी ठेगाना भई हाल रुपन्देही जिल्ला कोटहीमाई गा.पा वडा नं. ०२ बस्ने **कमलावती चौधरी** (ना.प्र.नं.४४२३, रुपन्देही, जारी मिति : २०६२/०१/०८)
४. दया शंकर चौधरीको बुहारी, विद्या सागर चौधरीको पत्नी, रुपन्देही जिल्ला कोटहीमाई गा.पा वडा नं. ०२ स्थायी ठेगाना भई हाल ऐ.ऐ बस्ने **नेमा चौधरी यादव** (ना.प्र.नं.३७-०६-७८-०३२९०, रुपन्देही, जारी मिति : २०७८/०९/०४)

**धितो सुरक्षणमा रहेको सम्पत्तिको विवरण**

बुध्दु चौधरीको नाती, राम ललित प्रसाद चौधरीको छोरा, रुपन्देही जिल्ला कोटहीमाई गा.पा वडा नं. ०२ स्थायी ठेगाना भई हाल ऐ.ऐ. बस्ने **दया शंकर चौधरी**को नाममा मालपोत कार्यालय मझगवा, रुपन्देहीमा दर्ता श्रेस्ता कायम रहेको रुपन्देही जिल्ला पकडी सकरोन गा.वि.स.वडा न. ०९ ख स्थित कि.न १६६ को क्षेत्रफल : ०-३-१०-० (बिघा) को जग्गाहरु र सो जग्गाहरुमा बनेको तथा पछि निर्माण हुने घर टहरा र सोले चर्चेको लिगलगापातहरु समेत ।

**ऋणीको नाम र ठेगाना (शाखा कार्यालय बुटवल)**

उदयमान रमतेलको नाती, देव बहादुर रमतेल छोरा, रुपन्देही जिल्ला बुटवल उ.प.म.न.पा वडा नं. १३ स्थायी ठेगाना भई हाल रुपन्देही जिल्ला बुटवल उ.प.म.न.पा वडा नं. ११ बस्ने **सन्दीप रमतेल** (ना.प्र.नं.३७२०२४/७०४१३, रुपन्देही, जारी मिति : २०६८/०६/३०)

**व्यक्तिगत धनजमानी/ धितो जमानी दिनेहरुको विवरण**

१. देव बहादुर रमतेलको बुहारी, सन्दीप रमतेलको पत्नी रुपन्देही जिल्ला बुटवल उ.प.म.न.पा वडा नं. १३ स्थायी ठेगाना भई हाल रुपन्देही जिल्ला बुटवल उ.प.म.न.पा वडा नं. ११ बस्ने **बिष्णु कला राना रमतेल** (ना.प्र.नं.३७-०२-७१-१५४८६, रुपन्देही, जारी मिति : २०७१/१०/१८)
२. उदयमान रमतेलको नाती, देव बहादुर रमतेल छोरा, रुपन्देही जिल्ला बुटवल उ.प.म.न.पा वडा नं. १३ स्थायी ठेगाना भई हाल रुपन्देही जिल्ला बुटवल उ.प.म.न.पा वडा नं. ११ बस्ने **सन्दीप रमतेल** (ना.प्र.नं.३७२०२४/७०४१३, रुपन्देही, जारी मिति : २०६८/०६/३०)

**धितो सुरक्षणमा रहेको सम्पत्तिको विवरण**

उदयमान रमतेलको नाती, देव बहादुर रमतेल छोरा, रुपन्देही जिल्ला बुटवल उ.प.म.न.पा वडा नं. १३ स्थायी ठेगाना भई हाल रुपन्देही जिल्ला बुटवल उ.प.म.न.पा वडा नं. ११ बस्ने **सन्दीप रमतेल**को नाममा मालपोत कार्यालय बुटवल रुपन्देहीमा दर्ता श्रेस्ता कायम रहेको रुपन्देही जिल्ला सेमलार गा.वि.स.वडा न. १ ख स्थित कि.न १६५५ को क्षेत्रफल : ०-०-१०-० (बिघा) को जग्गाहरु र सो जग्गाहरुमा बनेको तथा पछि निर्माण हुने घर टहरा र सोले चर्चेको लिगलगापातहरु समेत ।

**जमानतकर्ताको हकमा जानकारीको लागि मात्र यो सूचना प्रकाशित गरिएको छ ।**

शाइन रेसुङ्गा डेभलपमेण्ट बैंक लि.

केन्द्रीय कार्यालय
बुटवल-११, कालिकानगर, रूपन्देही
फोनः ०७१-४१५५०२/४१५५०३
E-mail:Info@srdb.com.np,URL:www.srdb.com.np

दैनिक लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

# ज्योतिनगर क्षेत्र विकास परिषद्, खानेपानी संस्थाको साधारणसभा




बुटवल । बुटवल उप-महानगरपालिका वडा नं. ३ मा रहेको ज्योतिनगर क्षेत्र विकास परिषद, खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाको २०औं वार्षिक साधारणसभा बिहीबार सम्पन्न भएको छ कार्यक्रममा बुटवल-३ का वडा अध्यक्ष विष्णु ढकालले खानेपानीका स्रोत संरक्षणमा ध्यान दिनुपर्ने बताए । उनले खानेपानी संस्थाले थुप्रै राम्रा काम गरेकोमा प्रसंशा गर्दै संस्थाको विकासको लागि वडाले सधैँ अभिभावकीय भूमिका निर्वाह गर्ने बताए ।

उनले जनप्रतिनिधि र संघसंस्थाहरुले नागरिकलाई सहजरुपमा सेवा सुविधा दिनुपर्नेमा जोड दिए । कार्यक्रममा संस्थाका अध्यक्ष चेतबहादुर गुरुङ (चैतन) ले वार्षिक प्रतिवेदन प्रस्तुत गर्दै उपभोक्तालाई शुद्ध खानेपानीको सुविधा दिनुका साथै सामाजिक काम समेत गरेको बताए । ज्योतिनगर क्षेत्रभित्र रहेका दुर्गा पञ्चायन मन्दिर, जलदेवी मन्दिर, स्वास्थ्य ज्योती आमा समूह, राधेश्याम भजन मण्डली,रेडक्रस सोसाइटी, तमु समाज, भिमसेन नेवा समाज, जनज्योति आधारभूत विद्यालय, युवा क्लबलगायतका संस्थाहरुलाई निवेदनको आधारमा सहयोग गरेको अध्यक्ष गुरुङले बताए । संस्थाले डिजिटल प्रणाली मोबाइल एप्स डिभाइसमार्फत् मोटर पम्प चलाउन सुरु गरेको र उपभोक्तालाई मोबाइलमार्फत् अनलाइन भुक्तानी प्रणाली व्यवस्था गरिएको र संस्थाको आयव्याय प्रणाली चुस्तदुरुस्त र पारदर्शी राख्न सफ्टवेर जडान गरी हिसाब किताब राखिएको बताए ।

कार्यक्रममा सचिव नारायणबहादुर क्षेत्री (रानाभाट) ले सचिवको प्रतिवेदन, कोषाध्यक्ष डोलराज बस्यालले आर्थिक प्रतिवेदन र लेखा समिति संयोजक विष्णु केसी खत्रीले लेखा सुपरीवेक्षण समितिको प्रतिवेदन प्रस्तुत गरी सर्वसम्मतले पारित भएको छ ।

कार्यक्रममा संस्थाका सल्लाहकारहरु चीनबहादुर गुरुङ, घनश्याम चापागाईं, सहदेव श्रेष्ठ, दुर्गा पञ्चायन मन्दिरका अध्यक्ष चोला अर्याल, लक्ष्मीनगर विकास केन्द्रका अध्यक्ष लिलाप्रसाद श्रेष्ठ, उपभोक्ता हित संरक्षण मञ्च रुपन्देहीका अध्यक्ष समुन्द्र जिसीलगायतले स्वच्छ र शुद्ध खानेपानीले नै मानिस स्वस्थ हुने भएकाले तीनै तहका सरकारले खानीपानीको पहुच सबै नागरिकमा सहज रुपमा पुऱ्याउनुपर्नेमा जोड दिए । कार्यक्रममा संस्थाले ४ जना ज्येष्ठ सदस्यहरु रामनाथ आचार्य, कुलमान श्रेष्ठ, मीनाकुमारी जिसी र कर्णबहादुर चुदारालाई नगदसहित सम्मान गरेको छ । साथै सोही अवसरमा संस्थाले जनज्योति आधारभूत विद्यालयलाई अक्षय कोष स्थापनाका लागि ५१ हजार १ सय ११ रुपैयाँको चेक विद्यालयका अध्यक्ष माधव पाण्डेलाई हस्तान्तरण गरिएको थियो ।

वि.सं. २०५५/५६ सालमा स्थापना भएको संस्थामा हाल ३ सय ७६ घरधुरी उपभोक्ता सदस्यहरु छन् । संस्थाको प्रमुख उद्देश्य एक घर एक धारा वितरण गर्ने रहेको संस्थाका सचिव नारायणबहादुर क्षेत्री रानाभाटले बताए । कार्यक्रममा कार्यसमिति सदस्य भिमाकुमारी गैरे अर्यालले पनि आफ्ना भनाइ राखेकी थिइन् ।

# रूपन्देही ट्राफिकद्वारा चालकको लापसे परीक्षण

भैरहवा । चालक नै लागुऔषध सेवन गरेको भन्ने जनगुनासो बढेसँगै जिल्ला ट्राफिक प्रहरी कार्यालय रुपन्देहीले सडकमै लागुऔषध सेवनकर्ताको चेकजाँच गरेको छ ।

सीमावर्ती क्षेत्रमा खुला रुपमा पाइने लागुऔषधको सेवन गरी सवारी चलाउँदा ज्यान नै जोखिममा हुने गरेको भन्दै सडक सुरक्षा अभियानअन्तर्गत जिल्ला ट्राफिक प्रहरी कार्यालयको नेतृत्व र जिल्ला प्रहरी कार्यालयको सहकार्यकामा चालकहरुले मादक पदार्थ सेवन तथा लागुपदार्थ सेवन (लापसे) गरे नगरेको परिक्षण गरिएको हो ।

रेपिड मल्टी ड्रग टेष्टडिपकार्ड (किट) मार्फत् चालकले विभिन्न ६ प्रकारको लागुऔषध सेवन गरे नगरेको परीक्षण भएको जिल्ला ट्राफिक प्रहरी कार्यालय रुपन्देहीका प्रमुख प्रहरी निरीक्षक प्रतिमा कार्कीले बताइन् ।

'बेलहिया-बुटवल सडकखण्डअन्तर्गत ठुटिपिपल चोकमा दुबै लेनमा गुड्ने ठुला सवारीसाधन माइक्रो र बस, ट्रिपर, हाइबालगायतका गाडीहरुको चालकको परीक्षण गरेका छौँ, आकस्मिक रुपमा बेला बेलामा विभिन्न ठाउँमा यो परीक्षण गर्ने गरेका छौँ,' उनले भनिन्-'जनगुनासो बढेपछि संयुक्त टिमले परीक्षण गरेको हो । बेलहिया तर्फबाट आउने अधिकांश चालकहरुको परीक्षण गरेका छौँ, केही संकास्पद देखिएपछि किटमार्फत् परीक्षण गरिएको हो ।' परीक्षण गरिएको सय बढीको चेकजाँच गर्दा ८ जनाले लागुऔषध सेवन गरेको पाइएको ट्राफिक प्रमुख कार्कीले बताइन् ।



'विशेष चेकिङका क्रममा लागुऔषध सेवन गरी सवारी साधन चलाउने उनीहरुलाई नियन्त्रणमा लिई आवश्यक अनुसन्धान तथा कारबाहीका लागि प्रहरीलाई बुझाएका छौँ, अनुसन्धान गरी प्रयोगकर्ता हो कि ओसारपसार वा अन्यमा संलग्न छ भन्ने खुलेपछि सोही अनुसार कारबाही हुनेछ ।'-उनले भनिन् ।

ट्राफिक प्रहरीले अहिले परीक्षण गर्ने किटले ६ प्रकारको लागुऔषध प्रयोग गरेको हो वा हैन भन्ने पुष्टि गर्छ । गाँजा, कोकिन, ब्राउन सुगर, डाइजेपाम, एम्फेटामाइन र बार्विटुरेट्स समूहको लागुऔषध प्रयोग गरेको छ भनि किटमार्फत् अनद स्पट चेक हुनेछ । किट केही खर्चिलो भएकोले यो अभियानलाई निरन्तर गर्न नसके पनि बेला बेलामा भएको सीमित किटमार्फत् छड्के परीक्षण गर्ने गरेको कार्यालयले जानकारी दिएको छ ।

मादक पदार्थ सेवन गरी सवारी साधन चलाउने चालकलाई लामो समयदेखि नै ट्राफिक प्रहरीले कारबाही गर्दै आए पनि पछिल्लो समय लागुऔषध सेवन गरेर सवारी साधन चलाउने चालक भेटिन थालेपछि लागुऔषध जाँच अभियानलाई कार्यालयले तीव्रता दिइएको छ । कारबाहीमा पर्ने डरले सीमा क्षेत्रबाट चल्ने सवारीसाधनका चालकहरु सचेत हुँदै गए पनि पूर्णरुपमा रोक्न सकिएको छैन ।

# बिक्री हुन थाल्यो फोहोर



गुल्मी । गुल्मी सदरमुकाम तम्घासमा फोहोर बिक्री हुन थालेको छ । नगर विकास तथा वातावरण सरसफाइ समितिले तम्घासमा उठाएकामध्ये नकुहिने फोहोर पाल्पा नेप्लिज वेष्ट बैङ्कलाई बिक्री गर्न थालेको हो ।

सम्झौताअनुसार प्लास्टिकका बोतल प्रतिकेजी रु १०, रेडबुलका बोतल प्रतिकेजी रु ८०, एचडिपी प्लास्टिक प्रतिकेजी रु आठ, पानीका बोतल प्रतिकेजी रु १०, फलाम प्रतिकेजी रु १५, सिसा प्रतिकेजी रु एक तथा टिन प्रतिकेजी रु पाँचमा बिक्री हुन थालेको हो । नगर विकास तथा वातावरण संरक्षण संस्थाले रेसुङ्गा नगरपालिकाका-१, २, ७, ८, ९ र ४ को केही भागका एक हजार ७६५ घरबाट फोहोर सङ्कलन गर्छ ।

दुई वटा ट्याक्टर, दुईजना चालक र दुईजना सहचालक राखेको समितिले शनिबारबाहेक साताको छ दिन बजारबाट फोहोर उठाएर फोहोर फाल्ने ठाउँ ओखेनीमा फाल्ने गर्दछ । कुहिने र नकुहिने गरी भान्साको फोहोर दैनिक दुई टन सङ्कलन हुने समितिले जनाएको छ । उक्त फोहोर छुट्याउन बैंकले तीन जना मजदुर राखेको छ । उनीहरूलाई फोहोरको मात्राअनुसार बैंकले भुक्तानी गर्छ । एक महिनामा गुल्मीबाट चार ट्रक फोहोर बिक्रीबाट समितिले रु २० हजार आम्दानी गरेको अध्यक्ष रामप्रसाद पन्थीले जानकारी दिए ।

**पानीको मुहान र बस्तीलाई फाइदा**

फोहोर बिक्री हुन थालेपछि पानीको मुहान सफा हुने भएको छ। फोहोर बिक्री नहुँदा ओखेनीमै जलाउने गरिएको थियो । जसले गर्दा ओखेनी, उदिनढुङ्गा जिप पार्क, बेदुखर्कलगायतका गाउँ सधैँ दुर्गन्धित हुने गर्दथ्यो ।

तम्घासदेखि ओखेनी हुँदै बेदुखर्क, भनपानीलगायतका गाउँ जाँदा बाटोसम्मै दुर्गन्ध फैलन्थ्यो । अहिले त्यो दुर्गन्ध हटेको स्थानीय मीना खत्रीले बताइन् ।

त्यसैगरी फोहोर फाल्ने ठाउँ तलपट्टि खानेपानीको ट्याङ्की छ। उक्त पानी तम्घास बृहत् खानेपानी उपभोक्ताको ट्याङ्कीमा जम्मा भई तम्घास बजारका मानिसले पिउँछन्। फोहोरमैला व्यवस्थित नहुँदा खानेपानी समितिमाथि पनि थुप्रै प्रश्न उठेका थिए । फोहोर बिक्री हुन थालेपछि खानेपानीको मुहान शुद्ध हुने स्थानीय उपभोक्ता सरस्वती सर्तुङ्गेले बताइन् ।

फोहोर व्यवस्थापनका लागि रेसुङ्गा नगरपालिकाले सहयोग गरेको छ । नगरले रु १३ लाख ८० हजारमा जमिन सम्याएपछि मात्रै फोहोर व्यवस्थापन एवं बिक्री सुरु गरिएको हो । उक्त रकममध्ये हालसम्म रु सात लाख भुक्तानी भएको छ भने रु छ लाख ८० हजार भुक्तानी हुन बाँकी छ ।

नगर प्रमुख खिलध्वज पन्थीले बजारलाई सरसफाइ राख्नु नगरको दायित्व भएकाले र यसलाई समितिले सहयोग गरेको बताए । उनले फोहोर बिक्रीबाट एकातर्फ समितिलाई आम्दानी भएको र अर्कोतर्फ बजार सरसफाई भएको भन्दै खुसी व्यक्त गरे । फोहोरमैला व्यवस्थापनका लागि नगरपालिकाले वार्षिक समितिलाई रु १० लाख अनुदानस्वरुप प्रदान गर्दै आएको छ ।

त्यसैगरी, समितिका अध्यक्ष पन्थीले अब कुहिने फोहोरबाट कम्पोष्ट मल बनाउने योजना रहेको जनाए । अहिलेसम्म कुहिने फोहोरलाई ओखेनीकै छेउको खोल्सामा पुर्ने गरिएको छ । अब करिब १४ लाख लागतमा उक्त फोहोरलाई कम्पोष्ट मल बनाउने गरी काम सुरु गरिने उनको भनाइ छ ।

"नगरपालिकासँग समन्वय भइरहेको छ, कुहिने फोहोरको पनि व्यवस्थापन गर्दा सहर झनै सुन्दर हुन्छ", अध्यक्ष पन्थीले भने-"सुन्दर रेसुङ्गा नगर बनाउन सबैको भूमिका उत्तिकै महत्त्वपूर्ण हुन्छ ।" तम्घासमा २०६१ सालदेखि नगर विकास तथा वातावरण सरसफाइ समितिले फोहोर व्यवस्थापन गर्दै आएको छ ।

# आर्थिक विकासका लागि सरोकारवालाबिच छलफल



परासी । नवलपरासीको समग्र आर्थिक विकास र औद्योगिक समृद्धिका लागि सरोकारवालाहरूबिच बिहीबार छलफल कार्यक्रम सम्पन्न भएको छ । उद्योग वाणिज्य संघ, नवलपरासीको आयोजनामा परासीस्थित संघको सभाहलमा उक्त कार्यक्रम सम्पन्न भएको हो ।

कार्यक्रममा बोल्दै संघीय सांसद विक्रम खनालले नवलपरासी जिल्ला औद्योगिक सम्भावनाले भरिपूर्ण रहेको बताउँदै उद्योगीहरूका समस्यालाई संघीय सदनमा जोडदार रूपमा उठाउने र औद्योगिक विकासका लागि आवश्यक ऐन कानुन परिमार्जन गर्न पहल गर्ने प्रतिबद्धता व्यक्त गरे ।

संघीय सांसद नरेन्द्रकुमार गुप्ताले स्थानीय स्रोत र साधनको अधिकतम प्रयोग गरी निर्यातमुखी उद्योगमा जोड दिनुपर्ने जनाए । संघीय

सांसद रिंगला यादवले आर्थिक विकासमा महिला उद्यमीहरूको भूमिका र समावेशी लगानीको महत्त्वबारे चर्चा गरिन् ।

उद्योग वाणिज्य संघका पूर्व अध्यक्ष वीरेन्द्र अग्रहरिले निजी क्षेत्रले भोग्नुपरेका प्रक्रियागत झन्झट र पूर्वाधारको अभावका कारण व्यवसायीहरू मारमा परेको गुनासो गरे । उनले राज्यले उद्योगीलाई हेर्ने दृष्टिकोणमा परिवर्तन ल्याउनुपर्ने बताए । कार्यक्रममा उद्योग वाणिज्य संघ नवलपरासीका अध्यक्ष ओमप्रकाश अग्रहरिले जिल्लाको आर्थिक मेरुदण्डका रूपमा रहेका उद्योगी र राज्यका प्रतिनिधिबिचको यो छलफलले ठोस कार्यदिशा तय गर्ने विश्वास व्यक्त गरे । उनले निजी क्षेत्र र सरकार मिलेर अघि बढे मात्रै नवलपरासीलाई देशकै नमूना आर्थिक केन्द्र बनाउन सकिने जनाए ।

कार्यक्रममा जिल्लाभरका निजी क्षेत्रका प्रतिष्ठित उद्योगी, व्यापारी तथा सरोकारवाला निकायका प्रतिनिधिहरूको उपस्थिति रहेको थियो ।

# अवैध मोटर पाट्र्स बरामद, भन्सार कडाइ गर्न व्यवसायीको आग्रह

बुटवल । बुटवल मैनाबगरस्थित एक स्वदेशी अटो वर्कसपबाट भन्सार छली गरी ल्याइएको मोटर पाट्र्स (क्राउन) प्रहरीले बरामद गरेको छ ।

अस्थायी प्रहरी बिट मैनाबगरबाट खटिएको टोलीले करिब दुई लाख रुपैयाँ बराबरको उक्त सामग्री नियन्त्रणमा लिएको हो ।

बुटवल अटो इञ्जिनियरिङ एशोसिएसनका अध्यक्ष प्रेम गौचनका अनुसार सवारी मर्मतका क्रममा गाडीधनीले आफैं लिएर आएको पाट्र्स प्रयोग गर्न लागिएको थियो ।

"गाडीवालाले आफैं सामान ल्याएका कारण सुरुवातमा बिलबिजक माग गरिएको थिएन," उनले भने-"तर पछि सामानप्रति शंका लागेपछि प्रहरीलाई खबर गरिएको हो ।"

प्रहरीले सोधपुछका क्रममा सम्बन्धित बिलबिजक तथा भन्सार कागजात पेश गर्न नसकिएपछि उक्त सामग्री अवैध रूपमा भित्र्याइएको पुष्टि भएको जनाएको छ । त्यसपछि सामग्री नियन्त्रणमा लिई थप अनुसन्धान तथा कारबाहीका लागि इलाका प्रहरी कार्यालय बुटवल पठाइएको छ ।

यस घटनापछि अटो व्यवसायीहरूले भन्सार प्रणालीमा कडाइ गर्न सम्बन्धित निकायसँग माग गरेका छन् ।

वाणिज्य उपाध्यक्ष बाबुराम आचार्यले अवैध रूपमा भित्रिने यस्ता पाट्र्सले वैधानिक व्यवसायमा नकारात्मक असर पार्ने, राजस्व चुहावट बढाउने तथा गुणस्तरहीन सामग्रीका कारण सवारी सुरक्षामा समेत जोखिम निम्त्याउने बताए ।

"सरकारले भन्सार नाकामा निगरानी थप कडा बनाउनुपर्छ," उनले भने-"नियमित अनुगमन र कडाइ नगर्दासम्म यस्ता गतिविधि रोक्न कठिन हुन्छ ।"

प्रहरीले पछिल्लो समय भन्सार छलीका घटनामा वृद्धि देखिएकाले निगरानी बढाइएको जनाएको छ भने सबै व्यवसायी तथा सेवाग्राहीलाई कानुनी प्रक्रिया पूरा गरी मात्रै सामान खरिद-बिक्री गर्न आग्रह गरेको छ ।

हाँसौः स्वस्थ रहौं

- हाँस्नु स्वास्थ्यका लागि लाभदायक हुन्छ,
- हाँस्ने र खुशी हुने बानीको विकास गरौं,
- तनाव, चिन्ता र निराशालाई कम गर्न हाँसौं
- परिवार र साथीहरूसँग हाँसौं र रमाइलो समय बितौं
- सकारात्मक सोच र उत्साहपूर्ण वातावरण सिर्जना गरौं,
- हाँस्ने योगमा सहभागी बनौं,
- अरूलाई खुशी बनाउने व्यवहार गरौं,
- सामाजिक सद्भाव र आपसी सम्बन्ध बलियो बनाऔं,
- मानसिक स्वास्थ्य सुधारमा हाँसोको भूमिका बुझौं, हाँसौं र हँसाऔं ।

नेपाल सरकार विज्ञापन बोर्ड

प्रो. मञ्जु एण्ड सन्स्
फोन: ०७१-५३५३१७
९८५७०६०३६८, ९८५७०६०३८४
KKJ न्यू कुमकुम ज्वेलर्स
वि.पि. चोक, बुटवल-४, रूपन्देही



विगत १५ वर्षदेखि तपाईंको सेवामा समर्पित
स्वदेशी तथा विदेशी डिजाईनका शुद्ध सुन चाँदीबाट बनेका गर-गहनाको एकमात्र विश्वासिलो पसल
पुराना गहनाहरु संग नयाँ गहना साट्नुका साथै खरिद बिक्री गर्नुपरेमा हामीलाई सम्झनुहोस्

हामी बोलेर मात्र होइन पुऱ्याएर छाड्छौं
तपाईंको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरु नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा पठाउनु परेमा हामीलाई सम्झनुहोस्
सुपर काइनेटिक कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन) फोनः- ०७१५४२५७१

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com